पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार — राष्ट्रिय दैनिक

# टुडे एक्सप्रेस

www.etodayexpress.com

जनकपुरधाम र काठमाडौं बाट एकसाथ प्रकाशित मोफसलको पहिलो पत्रिका टुडे एक्सप्रेस

❑ वर्ष १६ ❑ अंक १३ ❑ पृष्ठ ८ | २०७७ मंसिर १७ बुधबार (2020 DECEMBER 02 WEDNESDAY) | ❑ मूल्य रु ५।-

जाडोबाट हुने जनधनको क्षति रोक्न आग्रह ०३ | शुद्ध र सहज 'वैदिक श्राद्ध पद्धति' सार्वजनिक ०५ | निर्यात क्षेत्रलाई प्रोत्साहन गर्न जरुरी: शेखर गोल्छा ०८

# किसान ठग्दै कृषि ज्ञान केन्द्र

## बजारमा प्रतिकिलो ७० रुपैया पर्ने आलु ज्ञान केन्द्र धनुषाले ९० रुपैयाँमा बेच्दै, तर सम्बन्धित निकाय मौन

**कमलेश ठाकुर** / जनकपुरधाम




कृषि ज्ञान केन्द्र धनुषाले कार्तिक १४ गते आलुको बीउ अनुदानमा बिक्री वितरण गर्न सूचना सार्वजनिक गर्‍यो। तीन वटा संस्थाले आवेदन दिए। कार्यालयले जनकपुरधाम उपमहानगरपालिका पुल चोकस्थित रहेको गिता एग्रोभेट प्रालिसंग सार्वजनिक खरिद ऐन अनुसार मंसिरमा सम्झौता गरेको थियो।

मंसिर १५ गतेदेखि सम्झौता कबुल गरेको संस्थाले आलुको बीउ वितरण शुरु गरेको छ। तर, संस्थाले कुहिएको बीउ वितरण गरिरहेको किसानले आरोप लगाएका छन्। बटेश्वर गाउँपालिकाका किसान श्रीनारायण महतोले कुहिएको बीउ दिएको भन्दै गुणस्तरीय र तोकिएको जातको आलुबीउ समेत नदिएको गुनासो गरे। 'मागपत्र दिन आएको बेला ७० रुपैयाँ प्रति किलोग्राम दिने र लालगुलाब जातको आलुको बीउ दिने आश्वासन दिइएको थियो', उनले भने, 'अहिले बीउ लिन आउँदा ९० रुपैया प्रति किलोग्राम असुल गरिरहेका छन्। त्यसमा पनि ५० किलोमा १० केलो कुहिएको आलु निस्कन्छ। आलु पनि लालगुलाब नभई अर्कै जातको छ।' यो सरासर ठगी र बेइमानी हो महतोले गुनासो गरे।

उनका अनुसार किसानले मागपत्र दिने बेलामा पाएको सूचना अनुसार मूल्य र आलुको बीउको जात फरक रहेको छ। बजार भाउ भन्दा बढी गरी अनुदानको बीउ बिक्री वितरण भएको अर्का किसान सनिचर यादवले जानकारी दिए। कात्तिक पहिलो सत्तामा वितरण गर्नुपर्ने बीउ अहिले वितरण गर्नुको कुनै औचित्य नरहेको उनको भनाइ छ। 'सरकारले बीउ समयमा वितरण गर्नुपर्छ। अहिले सिजन गएपछि वितरण गर्नुको कुनै औचित्य छैन्,' उनले भने, 'सिजन गइसकेपछि किन किसानले बीउ लिन्छ ? त्यसमा पनि कुहिएको र बजार मूल्य भन्दा बढी तिर्नु पर्ने ?'

जनकपुर पेठिया बजारका आलु व्यपारी रामभरोसले आलुको बीउ ७० रुपैयाँ प्रति किलोग्राम रहेको बताए। थोकमा अझै कम रहेको भन्दै आलुको प्रकार अनुसार दाम रहेको बताए। भारतीय आलुको मूल्य स्थानीय आलु भन्दा कम रहेको उनले जानकारी दिए। सर्वाजनिक खरिद ऐन अनुसार सम्झौता अनुसार नै किसानलाई बीउ बितरण भइहरको उनले बताए।

गिता एग्रोभेट प्रालिका सञ्चालक संजय पञ्जियारले आलु वितरणमा ढिलो भएको बताए। 'कात्तिकमा नै आलुको बीउ वितरण हुनुपर्थ्यो। अहिले एकदमै ढिलो भयो,' उनले भने, 'तर बजारमा बीउ अभाव छ। त्यसकारण पनि ढिलो भएको छ। सिजन सकिएको हुनाले केही आलु कुहिएको जस्तो पनि छ।' स्थानीय बजारमा पाइने आलु किसालाई वितरण गर्ने सम्झौता भएको उनले जानकारी दिए। हाल सम्म ५० किलोग्रामको ९० वटा बोरा वितरण भइसकेको छ।

यता, कृषि ज्ञान केन्द्र धनुषाका कार्यालय प्रमुख शंकरप्रसाद साहले किसानले लगाएको सबै आरोप गलत रहेको बताए। १५ सय किसानले आवेदन दिएको भन्दै किसानलाई नागरिकता र पालिकाको सिफारिसको अधारमा दिने कार्यालयले निर्णय गरेको छ।

टेण्डर नपर्ने संस्थाले कार्यालयको बदनाम गर्न लागेको उनको भनाइ छ। बजारमा बीउ अभावको कारण ढिलो भएको उनले स्वीकार गरे।

# दुर्घटनामा एकैदिन चार जनाको मृत्यु

**टुडे एक्सप्रेस** / जनकपुरधाम

प्रदेश २ का सिरहा, धनुषा र महोत्तरीमा भएको दुर्घटनामा एकैदिन चार जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा एक बालक र तीन युवक छन्।

सिरहाको धनगढीमाई नगरपालिका ९ मुसरहर्नियास्थित सडकमा लु. ६२ प. ७६७० नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई सोमबार राति दुर्घटना भयो। दुर्घटनापछि मोटरसाइकल चालक सिरहा नगरपालिका १९ का २७ वर्षीय प्रदिप यादवको मृत्यु भएको हो।

दुर्घटनामा गम्भीर घाइते भएका उनलाई तत्कालै धनगढीस्थित आरके मेडिसिटि लगिएको थियो। तर त्यहाँ उपचार सम्भव नहुँदा नोबेल अस्पताल विराटनगरतर्फ लैजाने क्रममा बाटोमै उनको मृत्यु भएको प्रहरीले जनाएको छ। सोही मोटरसाइकलमा सवार १ जना घाईते भएको र उनको उपचार आरके मेडिसिटिमा भइरहेको छ। उनको अवस्था सामान्य छ।

यस्तै सिरहाकै बरियारपट्टी गाउँपालिका ३ स्थित सडकमा रोकी राखेको स.१० प. ४६५९ नम्बरको मोटरसाइकलमा स.४ प. ७१९७ नम्बरको मोटरसाइकल ठक्कर दिएको थियो। ठक्कर दिएका मोटरसाइकल चालक औरही गाउँपालिका ५ का ३० वर्षीय देवकुमार ठाकुरको मृत्यु भएको छ।

दुर्घटनामा गम्भिर घाइते उनको नोबेल अस्पताल विराटनगरमा उपचार क्रममा सोमबार मृत्यु भएको प्रहरीले जनाएको छ। दुवै मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ।

यता, धनुषाको मिथिला नगरपालिका ८ बडहरीस्थित सडकमा नम्बर नखुलेको सवारीले ज. ७ प. ५९८६ नम्बरको मोटरसाइकललाई सोमबार राति ठक्कर दिँदा मोटरसाइकल चालक सोही नगरपालिका १ का २५ वर्षीय पंचदेव साहको मृत्यु भएको छ।

उनी दुर्घटनामा गम्भीर घाइते भएका थिए। उनलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरधाम लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीको भनाई छ। ठक्कर दिने सवारीको खोजी भइरहेको प्रहरीले जनाएको छ।

यस्तै महोत्तरीको रामगोपालपुर नगरपालिका ९ गोठ बनौली भित्री सडकमा गोरू गाडाले किच्दा सोही ठाउँ माईती घर बस्ने अमृतादेवी यादवको छोरा ३ वर्षीय आयुष यादवको मृत्यु भएको छ।

बाटोमा खेलिरहेको अवस्थामा गोरू गाडाले किच्दा गम्भीर घाइते भएका उनको उपचारको लागि जिल्ला अस्पताल जलेश्वरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। गोरु गाडा र गाडा चलाउने व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएर कारबाही अगाडी बढाएको छ।

# आगलागीबाट दुई करोड बढीको क्षति

**आशिष विश्वकर्मा** / सिरहा

सिरहाको गोलबाजर नपा ४ का दुई कपडा पसलमा आगलागी करोडौं मूल्यको कपडा जलेर खरानी बनेको छ। कञ्चन बस्त्रालय र किसन ट्रेडर्स एण्ड सप्लाएर्समा सोमबार राती भएको आगलागीका कारण ५० हजार नगदसहित करिव दुई करोड मूल्यको कपडा जलेर खरानी बनेको हो।

आगलागीका कारण ५० हजार नगद सहित २ करोड भन्दा बढीको क्षति भएको बस्त्रालयका सञ्चालक लालबाबुसाहले बताए। उनले विवाहको समय भएकाले महगाँ साडी र कपडाहरू भर्खरै ल्याएकोले धेरैको क्षती भएको सुनाए।

त्यसैगरी, अर्का रेडिमेड कपडा पसल किसन ट्रेड एण्ड सप्लाएर्सका सञ्चालक राजकिशोर साले २० लाख भन्दा बढीमूल्यको कपडा जलेको बताए। उनले नयाँ तथा जाडोको कपडाहरू थपेको सुनाए।

दुई जनाको कपडा पसलमा आगलागगी भएकाले ठूलै परीमाणमा क्षति भएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख इन्सपेक्टर सन्तोष राईले बताए। भने, 'कपडा पसलेले २ करोडको नोक्सानी भएको बताएपनि हाम्रो तर्फबाट अनुसनधान भईरहेको छ।'

सबै सटर वन्द रहेकाले विद्युत सर्ट भएर आगो लागेको हुनसक्ने अनुमान गरिएपनि मुख्यकारण खुल्न सकेका छैन। आगलागीका कारण पसलमा रहेका सम्पूर्ण कपडा, र्‍याक लगाएका सामाग्री खरानी भएका छन्।




समयमै आगो नियन्त्रण गर्ने वारुणयन्त्र नआईपुगेकाले क्षेति धेरै भएको स्थानीयले बताएको छ। आगो लागेको जानकारी दिएको करिव २० मिनट पछिमात्र दमकल आएको बताइएको छ। गोलबजार नगरपालीकाको दमकल ५० मिटरको दुरीमा रहेपनि समयमा नआईपुगेको स्थानीयको भनाई छ।

स्थानीय एक व्यसायीले भने समयमा दमल आएन त्यसमा पनि थोरै पानी लिएर आएकाले आगो नियन्त्रण नआउँदै पानी सकिएको स्थानीय प्रत्यक्ष दर्शिले बताए। उनका अनुसार आगो नियन्त्रणमा नआउँदै पानी सकिएर गोलबजारको दमल पानी भर्न गएको करिव १० मिनटपछि मिर्चैयाको दमकल आएर आगो नियन्त्रणमा लिएको थियो। आगो नियन्त्रणमा लिन एक घण्टाभन्दा बढी समय लागेको थियो। समयमा दमकल नआएकै कारण ठूलो क्षति भएको स्थानीयको आरोप छ।

आगलागी भएकै वडा का वडा अध्यक्ष राजदेव यादवले आगो लागेको जानकारी गराएको केही वेरमै दमकल आईपुगेको बताए। उनले समयमै दमल आईपुगेकाले ठप क्षति हुनबाट जोगिएको बताए।

उनले भने, 'सटरभित्र आगो दन्किएपछि मात्रै सवैले थाहा पाए, थाहापाएको लगदै दमकललाई फोन गरेको केही बेरमै आएर निन्त्रया कार्यामा जुटिहाले, यसले थप क्षतिलाई जोगायो।' समयमै दमकल नआईपुगेको भए आसपासका घर र माथिल्लो तल्लामा समेत आगोजाने सम्भावना रहेको उनले सुनाए।

आगो नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना र गोलबजार, मिर्चैया र लहानबाट आएको दमल र स्थानीयको सहयोगले नियन्त्रणमा आएको बताइएको छ।

Wifi . . . . . . . भनेकै
WORLDLINK

Radio Janakpur — ESTD 2063 — सामुदायिक रेडियो ९७ मेगाहर्ज — अहिंक रेडियो अहिंक आवाज
'अहिंक रेडियो अहिंक आवाज'
रेडियो जनकपुर
मधेशको पहिलो एफ. एम.
९७ मेगाहर्ज
Radiojanakpur 97.0 mhz
Radio Janakpur 97.0 Mhz
www.radiojanakpur.org.np
बिहान ५ बजे देखि बेलुका ११ बजेसम्म रेडियो सुन्न नभुल्नुहोला

# अदालतबाट सजाय पाएका १७ सय जना फरार

**टुडे एक्सप्रेस** / सिरहा

जिल्ला अदालत सिरहाबाट विभिनन् समयमा फैंसला भएका एक हजार ६५८ मुद्दामा सजाय पाएका एक हजार ७३३ जना हालसम्म पक्राउ पर्न सकेका छैन। उनीहरूसँग १२ करोड १७ लाख ४७ हजार २७८ रुपैयाँ जरीवाना समेत असुल गर्न बाँकी रहेको जिल्ला अदालत सिरहाका तहसिलदार सीताराम खड्काले जानकारी दिए।




जिल्ला अदालत सिरहाले प्रहरी प्रशासनसँगको समन्वयमा त्यस्ता फरार प्रतिवादीहरू पक्राउ गर्ने प्रकृया गरिरहेको भएपनि अझै १ हजार ७ सय ३३ जना फरार छन्। उनीहरूले एक हजार ८ सय १० वर्ष कैद भुक्तानी बाँकी रहेको पनि तहसिलदार खड्काले जनाए।

उनले जिल्ला अदालत सिरहाको १९९२ साल देखिको लगतको आधारमा यो संख्या देखिएको पनि जनाए। उनले यो वैज्ञानिक ढंगले अध्यावधी गर्नुपर्ने बेला भएको पनि सुनाए। फरारको सूचि लामो देखिएपनि यो लामो समय अन्तरालको भएको पनि सुनाए।




**साक्षरता अभियान अन्तर्गत जनकपुरधाम उप–महानगरपालिकामा पर्ने बेंगा पिपराढीस्थित आधारभुत विद्यालयको कक्षा ८ मा अध्ययनरत छात्राहरूलाई मंगलवार साइकल वितरण गर्दै मेयर लालकिशोर साह। दलित र मुस्लिम छात्राहरूलाई साईकलका साथै स्वअध्ययन सामग्री समेत वितरण गरिएको छ।** *तस्विर : टुडे एक्सप्रेस*

# प्रहरीद्वारा गाँजा फडानी

**टुडे एक्सप्रेस** / सिरहा

ईलाका प्रहरी कार्यालय गोलबजारले १५ कट्ठा भन्दा बढि क्षेत्रफलमा लगाईएको करिव ३५ सय प्रतिवन्धित लागुऔषध गाँजाको विरुवा उखेलेर नष्ट गरेको छ।

विशेष सुचनाको आधारमा गोलबजार नगरपालिका ७ कदिमा टोलमा किसानहरूले लागाएको गाँजा खेती इन्सपेक्टर संतोष कुमार राईको कमान्डमा खटिएको प्रहरी टोलीले मंगलबार नष्ट गरेको हो। गाँजामा फल लाग्नुभन्दा अगावै फडानी गरिएको प्रहरीको भनाई छ। अहिले नै नष्ट गर्दा प्रहरीलाई पनि हैरानी कम हुने र किसान पनि निरुत्साहीत हुने भएकाले सानैमा फडानी गरिएको बताए।

यसक्षेत्रका किसानहरूले प्रहरीलाई झुक्याउन चारैतर्फ उखु, मकै, रहर, तरकारी खेती लगाएर विचको भागमा गाँजा लगाउने गरेको पाइएको छ। कतिपय घरको छेउको बारी तथा आँगनमा समेत गाँजाको विरुवा लगाउने गर्छन्।



प्रहरीका अनुसार मानिसले परबाट हेर्दा अन्य बालीजस्तो लाग्ने गरी गाँजाको खेती गरेको छ। किसानले प्रहरीलाई छल्न नै त्यस्तो उपाय निकालेको हुन सक्ने प्रहरीले अनुमान गरेको छ।

गाजाँको मूल्य बढेसँगै सिरहामा लुकिछिपी गाँजा खेतीगर्ने किसान बढेको बताइन्छ। भारतीय बजारमा मदिरा बन्द हुँदा गाँजाको माग बढेकाले नेपालमा अहिले गाँजा प्रति केजी १५ देखि २५ हजार केजीका दरले बिक्री हुने गरेको किसानहरू बताउँछन्।

भारतीय बजारमा पुग्दा गाँजाको मूल्य भारुमा परीणत हुने गरेको छ। प्रहरीले उखेलेकै ठाउँमा सवै गाँजा नष्ट गरिएको छ। सिरहाको चुरे क्षेत्र र उदयपुरलाई उन्नत गाँजाको उर्वर भूमि मानिन्छ।

# मकैमा गवारो किराको प्रकोप, किसान चिन्तित

**अमृत सापकोटा** / चन्द्रनिगाहपुर

गवारो किराले उम्रने बित्तिकै मकै सखाप पार्न थालेपछि रौतहटको उत्तर भेगका किसान चिन्तित बनेका छन्। व्यावसायिक रुपमा मकै खेती हुने चन्द्रपुर नगरपालिकाको सन्तपुर, बसन्तपुर, नजरपुर र सिन्दुरेघारि क्षेत्रमा गवारो किरोको प्रकोप देखिएको हो।

रातको समयमा सक्रिय हुने गवारो किराले मकैको गुभाबाट खान सुरू गरेर पुरै मकैको बोट नष्ट गरिरहेको चन्द्रपुर ८ सन्तपुरका किसान खडक चौलागाईले गुनासो गरे। अत्यधिक मकै उत्पादन हुने चन्द्रपुर नगरपालिका वडा नं ८ र ९ क्षेत्रमा गवारो किराले हाल सम्म ६ हेक्टर क्षेत्रफलमा लगाइएको हाइब्रिड जातको मकै खाएर नष्ट पारिरहेको चन्द्रपुर नगरपालिका-९ का वडाध्यक्ष गोविन्द दुलालले बताए। दिनदिनै किराको प्रकोप बढ्न थाले पनि चन्द्रपुर नगरपालिकाका जनप्रतिनिधि र नगरपालिका अन्तर्गत कृषि शाखाको टोलीले प्रभावित क्षेत्रको अनुगमन समेत गरेको छैन। किसानहरूलाई आईपर्ने जैविक प्रकोपबाट बच्न लागि किसानहरूले बाली विमा गर्न आवश्यक रहेको चन्द्रपुर नगरपालिका कृषि सेवा केन्द्र सन्तपुरका प्रमुख उमेश चौधरीले बताए।

नगदे बाली मकैबाट राम्रो आम्दानी लिने सोच बनाएका किसान किराको आक्रमणबाट अनिकालले सताउने हो कि भन्ने चिन्तामा परेका छन्। विगतमा पनि रौतहटको उत्तरि भेगमा असिना पानीले किसानको मकै नष्ट गरेर पीडित भएका थिए।

मकै राम्रो उत्पादन हुने क्षेत्रमा चन्द्रपुर नगरपालिका पनि पर्छ। यस नगरपालिकामा ९ हजार हेक्टर खेतीयोग्य जमिन मध्य करिव ६ हाजार हेक्टरमा नगदे बालीको रुपमा हाईबृड मकै रहेको छ। जिल्लाको उत्तरि भेगमा एक हेक्टरमा औसत ५/६ मेट्रिक टनसम्म मकै उत्पादन हुने गरेको किसानहरू बताउँछन्।

# हिंसाविरुद्ध कविता : राज राय प्रथम




**सप्तरी** / रासस

लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियानको अवसरमा राजविराजमा लैङ्गिक हिंसाविरुद्ध कविता वाचन कार्यक्रम सम्पन्न भएको छ। लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियानको आयोजना र मैथिली महिला परिषद्को संयोजनमा भएको प्रतियोगितात्मक मैथिली कविता गोष्ठीमा राज राय प्रथम, पिङ्की झा द्वितीय र मीना साह तृतीय भइन्।

रायले 'बलात्कार र न्याय', झाले 'सुरक्षित जीवनको अधिकार' तथा साहले 'मिथिलाको छोरी' शीर्षकमा कविता वाचन गरिन्। कार्यक्रमका मूल समारोह समितिका संयोजक मनोहर पोखरेल, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायणलाल दास र मैथिली महिला परिषद्की अध्यक्ष शान्ति झाले प्रथम, द्वितीय र तृतीय हुनेलाई पुरस्कार र प्रमाणपत्र वितरण गरेकी छन्। कार्यक्रममा संयोजक पोखरेलले कोरोनालाई अपराध मान्ने समाजले बलात्कारमा मौन रहन र मिलापत्र गर्न नमिल्ने बताए। हिंसा नगर्ने र नसहने मात्र नभई हिंसा थाहा पाउने हरेकले खबरदारी गर्न आवश्यक रहेको उनको भनाइ थियो। लैङ्गिक हिंसा महिलाको मात्र समस्या नभई साझा समस्या हो भनेर बुझ्न, बुझाउन सके मात्र सभ्य समाजको निर्माण गर्न सहज हुने उनले बताए।

कार्यक्रममा पोखरेल, करुणा झा, कार्यक्रम संयोजक प्रतिमा देव, गायिका कञ्चन झा, नारायण देवले समेत लैङ्गिक हिंसाविरुद्ध अप्रतियोगी कविता तथा गीत वाचन गरेको थियो। राष्ट्रिय गीत र गोसाउनी गीतबाट शुरु भएको कार्यक्रममा बन्दना मिश्रले लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियानसम्बन्धी कार्यपत्र प्रस्तुत गरिन्। कार्यपत्रमा मिश्रले हिंसालाई सामान्यरूपमा लिने सोच, गरिबी, अशिक्षा, चेतनाको कमीका कारण हिंसा बढ्दै गएकाले कानूनलाई कठोर दण्डनीय बनाउन र सामाजिक सोच परिवर्तन गर्न जरुरी रहेको बताएकी छन्।

# कर्मचारी नहुँदा कामकाज प्रभावित

**लहान** / रासस

कार्यालय प्रमुखसहित दरबन्दी अनुसारको कर्मचारी नहुँदा मालपोत कार्यालय लहानको कामकाज प्रभावित भएको छ। प्रमुख मालपोत अधिकृत, मालपोत अधिकृतसहितका कर्मचारी नहुँदा कार्यालयको आर्थिक प्रशासनिक तथा मुद्दासम्बन्धी महत्वपूर्ण काम प्रभावित हुँदै आएको छ।

यसका साथै कार्यालयबाट सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाहमा समेत कठिनाइ भइरहेको मालपोत कार्यालय लहानका निमित्त प्रमुख दीपेन्द्र नारायण चौधरीले जानकारी दिए।

कार्यालय प्रमुख नहुँदा मुद्दा फाँटबाट सम्पादन हुने कार्य अवरुद्ध हुनुका साथै आर्थिक, प्रशासनिक कार्यसमेत प्रभावित हुँदै आएको निमित्त प्रमुख चौधरीले बताए।

सो कार्यालयमा एक प्रमुख मालपोत अधिकृत, दुई मालपोत अधिकृत, १० नायबसुब्बा, चार खरिदार, एक लेखापालसहित २७ जनाको दरबन्दी रहे पनि विगत चार वर्षदेखि प्रमुख मालपोत अधिकृत, दुई मालपोत अधिकृत, चार नायबसुब्बा तथा दुई जना खरिदार रिक्त छन्।

हाल सो कार्यालयमा ६ नायबसुब्बा, दुई खरिदार, करारमा रहेका तीन कम्प्युटर अपरेटर र कार्यालय सहयोगीले सेवाग्राहीलाई सेवा पुर्याउँदै आएका छन्। 'कार्यालयमा दैनिक सेवाग्राहीको चाप बढ्दै गएको छ', निमित्त प्रमुख चौधरीले भने, 'एकातिर कर्मचारीको अभाव छ अर्कोतिर सेवाग्राहीको चाप बढ्दो छ, यस्तो अवस्थामा सेवा पुर्याउन असाध्यै कठिनाइ भइरहेको छ।'

कार्यालयमा वर्षौंदेखि रिक्त रहेका कर्मचारीबारे प्रमुख जिल्ला अधिकारी तथा विभागमा जानकारी गराइसके पनि कर्मचारी पठाइदिने आश्वासन मात्र पाएको उनको भनाइ छ।

*२७ जनाको दरबन्दी रहे पनि विगत चार वर्षदेखि प्रमुख मालपोत अधिकृत, दुई मालपोत अधिकृत, चार नायबसुब्बा तथा दुई जना खरिदार रिक्त छन्।*


## जनकनन्दनी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
खजुरी, धनुषा
प्रदेश नं. २ नेपाल

**सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धमा ७ (सात) दिने सूचना**

**(दोस्रो पटक प्रकाशित मिति २०७७/०८/१७)**

यस जनकनन्दनी गाउँपालिकामा सर्शत अनुदान तर्फको गरिबि निवारणको लागि उद्यम विकास कार्यक्रम (मेडपा) संचचालनका लागि चालु आ.व. २०७७/०७८ मा उद्यम विकास सहजकर्ता पदमा करार सेवाबाट पदपुर्ति गर्न ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित इच्छुक उम्मेदवारले दरखास्त फारम भर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गएिको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा र समूह | तह | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२/०७७/०७८ | उद्यम विकास सहजकर्ता | स्थानीयतह सहायकस्तर पाँचौ/चौथो सरह | २ (दुई) | रु.५०० | पाँचौ तहको लागि कुनै आवेदन प्राप्त नभएमा दुवै चौथो तहको सहजकर्ता समेत राख्न सकिने छ। |

**आवश्यक न्यूनतम योग्यता र अनुभवः**

१. शैक्षिक योग्यता
१.१ उद्यम विकास सहजकर्ताको लागिः
(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उतिर्ण गरेको, वा
(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उतीर्ण गरेको, वा
(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उतीर्ण गरेको।
२ कार्य अनुभवः
२.१ उद्यम विकास सहजकर्ताको लागि लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक बर्ष काम गरेको हुनुपर्ने।
३ उमेर कम्तीमा १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको।
४ दरखास्त दिने स्थान जानकनन्दनी गाउँकार्यपालिकाको कार्यालय, खजुरी, धनुषा
५ दरखास्त दिने अन्तिम मिति २०७७/०८/२३ गते कार्यालय, खजुरी, धनुषा
६. दरखास्त दस्तुर बुझाउने सम्बन्धमा जनकनन्दिनी गाउँकार्यापालिकाको नाउँमा रहेको चलती खाता नं १००५५०१६९१६४६०१० मा दस्तुर जम्मा गरेको सक्कलै भौचर
७. दरखास्त फारम पाईने स्थान : जनकनन्दिनी गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने।
८. छनौटको किसिम : प्रारम्भिक योग्यता क्रमको सूचि प्रकाशन र अन्तरवार्ता।
९ आवेदन तथा संलग्न कागजातहरु आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु
क. नागरिकताको प्रमाणित प्रतिलिपि ख. न्यूनत्तम योग्यताको लब्धाङक प्रमाणपत्रको प्रतिलिपि
ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि घ. अनुभव खुल्ने कागजात
ङ. २ प्रति पासपोर्ट साईजको फोटो
ङ. सेवा सुविधा जनकनन्दिनी गाउँपालिकाको निर्णय बमोजिम

नोट : महिला, दलित, आदिबासी जानजाति, मधेशी, विपन्न वर्ग तथा स्थानिय बासिन्दालाई विशेष ग्रहयता दिने छ।

**विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८५४०२७१५४/९८५४०२९२५९**

**प्रमुख प्रशासकीय अधिकृत**

# जाडोबाट हुने जनधनको क्षति रोक्न आग्रह

**काठमाडौं / रासस**

गृहमन्त्री रामबहादुर थापाले हिउँदको समयमा आउने विपद् (शीतलहर, हिमपात) बाट हुने जोखिम रोक्न आवश्यक पूर्वतयारी र प्रतिकार्य योजनाका साथ समन्वयात्मक रुपमा अघि बढ्नुपर्ने आवश्यकता औंल्याएका छन्।

गृह मन्त्रालयमा आज भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको नवौं बैठकमा गृहमन्त्री थापाले सरकारको प्रमुख लक्ष्य भनेकै जाडोको समयमा हिमपात तथा शीतलहरका कारण हुने जनधनको क्षति न्यूनीकरण गर्नं रहेको उल्लेख गर्दै आवश्यक योजना निर्माण गरी कार्यान्वयनमा जोड दिए। छलफलमा उनले विषयगत मन्त्रालयसँगको समन्वयमा आवश्यक तयारीका काम थालिएको समेत जानकारी दिए।

मन्त्री थापाले मातहतका निकायलाई क्षति कम गर्न आवश्यक योजनाका साथ अघि बढ्नसमेत निर्देशन दिए। जाडोबाट हुने उत्पन्न परिस्थितिको सामना गर्न नीतिगत योजना निर्माण गर्दै आएको र गत वर्ष सफलतापूर्वक कार्ययोजना लागू हुँदा क्षति कम भएको मन्त्री थापाको जिकिर थियो।

उनले भने, 'विगतजस्तो यो वर्ष सहज छैन, कोभिड-१९ ले थप चुनौतीपूर्ण बनाएको छ, हिमपात र शीतलहरका साथै कोरोना नियन्त्रणमा ध्यान दिनुपर्छ।'



उनले कार्य क्षेत्रमा खटिने निकायलाई साधन सम्पन्न गराउने कुरामा सरकार गम्भिर रहेको प्रष्ट पारे। हिमपातलाई सामना गर्न हिमाली क्षेत्रमा आवश्यक पर्ने लत्ताकपडा तथा साधन स्रोतको व्यवस्थापनमा लाग्नुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो। 'बाढी पहिरोका कारण यसवर्ष धेरै घरबारविहीन छन्, उनीहरूलाई न्यानो हुने अवस्था सिर्जना गर्न सकेनौँ भने चुनौती हुनसक्छ, त्यसतर्फ पनि ध्यान दिनुपर्छ', बैठकमा मन्त्री थापाले भने।

उक्त छलफलमा संघीय मामला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठी, शहरी विकासमन्त्री कृष्णगोपाल श्रेष्ठलगायत नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिवको सहभागिता थियो।

उक्त बैठकमा शीतलहर एवं हिमपातका पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका सम्बन्धका छलफल भएको थियो।

यस्तै विपद् खोज, उद्धार तथा आधारभूत तालीमको पाठ्यक्रम २०७७ र विपद्का समयमा खोज तथा उद्धार, प्राथमिक उपचार र शव व्यवस्थापनका लागि आवश्यक सामग्रीसम्बन्धी मापदण्ड, २०७७ को स्वीकृतिका विषयमा पनि छलफल भएको गृहमन्त्रीका प्रेस संयोजक किरण भट्टराईले जानकारी दिए।

# 'नेपालगञ्ज विमानस्थललाई 'हव एयरपोर्ट' बनाउँछौं'

**राँझा / रासस**



संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले नेपालगञ्ज विमानस्थललाई नेपालको 'हव एयरपोर्ट'को रुपमा विकास गरिने बताएका छन्।

नेपालगञ्ज विमानस्थलमा नवनिर्मित विस्तारित विमान पार्किङ क्षेत्रको मंगलवार उद्घाटन गर्दै उनले पछिल्ला दिनमा नेपालगञ्ज र विराटनगर विमानस्थललाई प्राथमिकतामा राखेको बताए। 'दुवै विमानस्थललाई भविष्यमा अन्तर्राष्ट्रिय विमानस्थलको हैसियतमा स्तरोन्नति गर्नपर्छ भन्ने गुरुयोजना नेपाल सरकारले अघि बढाएको छ', उनले भने, 'नेपालगञ्ज विमानस्थलमा विस्तारित पार्किङ क्षेत्रले गौरव बढाएको छ।'

मन्त्री भट्टराईले विस्तारित पार्किङ क्षेत्रमा एटिआर ७२ साइजका कम्तीमा पनि छ वटा जहाज एकसाथ पार्किङ गर्नसक्ने र एयरबस ३२० सम्मका जहाज पार्किङ हुनसक्ने अवस्थामा नेपालगञ्ज विमानस्थल पुगेको बताए। सो पार्किङ क्षेत्रको निर्माण कार्य रु २८ करोड ५३ लाखको लागतमा निर्धारित समयमै सम्पन्न भएकोमा नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपालगञ्ज नागरिक उड्डयन कार्यालय र निर्माण कम्पनीलाई धन्यवाद दिँदै उहाँले नेपालगञ्जमा सञ्चालन हुने थप निर्माण कार्य पनि समयमै सम्पन्न हुने अपेक्षा व्यक्त गरे।

'नेपालगञ्ज विमानस्थललाई अहिले प्रस्तुत गरेको गुरुयोजनामा टर्मिनल भवन, रनवे मर्मत र अरु भौतिक तथा प्राविधिक सुविधा थप्दा जग्गा अधिग्रहणबाहेक सरकारले नेपालगञ्ज विमानस्थलमा करिब रु चार अर्ब लगानी गर्दैछ। यो नेपालगञ्जप्रतिको सरकारको अपार विश्वास हो', मन्त्री भट्टराईले भने, 'यो संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालगञ्जलाई दिएको महत्व र सद्भावको विषय पनि हो।'


उनले प्रदेशको राजधानी नहुँदैमा नेपालगञ्ज शहरको महत्व नघट्ने बताउँदै राजधानी नबन्दैमा निराश नहुन नेपालगञ्जवासीलाई आग्रह गरे। 'नेपालगञ्जले प्रदेशको राजधानीको रुपमा परिचय नपाए पनि प्रदेशको राजधानी भन्दा कम चर्चामा छैन। त्यस हिसाबले नेपालगञ्जको महत्व कम भएको छ जस्तो मलाई लाग्दैन', मन्त्री भट्टराईले भने, 'किन कि यहाँबाट हुनसक्ने दुईदेशीय व्यापार, पर्यटन आवागमन, उद्योगधन्दा, शैक्षिक क्षेत्रलगायतका कारण यहाँको महत्व कम भएको छैन्।'

सो अवसरमा प्रतिनिधिसभा सदस्य एवं नेकपाका केन्द्रीय सदस्य महेश्वरजङ्ग गहतराज, प्रदेश सभा सदस्य एवं नेकपा बाँकेका अध्यक्ष आइपी खरेल, नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख डा धवलशम्शेर राणा, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक राजन पोखरेल, नेपालगञ्ज नागरिक उड्डयन कार्यालयका प्रमुख प्रेमनाथ ठाकुरलगायतले नेपालगञ्ज विमानस्थलको महत्व र यसको उपयोगिताका विविध पक्षमाथि प्रकाश पारे।

# देशभर १३ सय ४ संक्रमित थपिए

**टुडे एक्सप्रेस / काठमाडौं**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा पछिल्लो २४ घण्टामा थप १३ सय ४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। योसँगै कोरोना संक्रमितको संख्या २ लाख ३४ हजार ७५६ पुगेको छ। तीमध्ये कोरोनाका सक्रिय संक्रमितको संख्या १६ हजार ६३३ छ।



गत २४ घण्टामा प्रदेश १ को इलाममा ११, उदयपुरमा २, ओखलढुंगामा ४, खोटाङमा २, झापामा ६८, ताप्लेजुङमा २, तेह्रथुममा २, धनकुटामा २, पाँचथरमा १, भोजपुरमा २, मोरङमा ६१ र सुनसरीमा ५२ जनामा कोरोना संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

प्रदेश २ को धनुषामा १४, पर्सामा ३, बारामा ४, महोत्तरीमा ३, रौतहटमा ३, सप्तरीमा ९, सर्लाहीमा ४ र सिरहामा ५ जना कोरोना संक्रमित थपिएका छन्। बागमती प्रदेशको काठमाडौंमा ४ सय ९ जनामा कोरोना पुष्टि भएको छ।

त्यसैगरी, काभ्रेमा ४०, चितवनमा २२, दोलखामा २, धादिङमा ८, नुवाकोटमा १, भक्तपुरमा ३६, मकवानपुरमा २९, रामेछापमा ४, ललितपुरमा ८५, सिन्धुलीमा २ र सिन्धुपाल्चोकमा ११ जना कोरोना संक्रमित थपिएका छन्।

यसैगरी, गण्डकी प्रदेशको कास्कीमा १००, गोरखामा ३, तनहुँमा १०, नवलपरासी पूर्वमा १५, पर्वतमा १, मुस्ताङमा २, म्याग्दीमा १, लमजुङमा ४, बागलुङमा १३ र स्याङ्जामा ११ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

लुम्बिनी प्रदेशको अर्घाखाँचीमा ८, कपिलवस्तुमा ९, गुल्मीमा ९, दाङमा ४, नवलपरासीमा ६, पाल्पामा १४, प्युठानमा ४, बर्दियामा १९, बाँकेमा ३०, रोल्पामा १ र रुपन्देहीमा ४५ जना कोरोना संक्रमित थपिएको मन्त्रालयले जनाएको छ। गत २४ घण्टामा कर्णाली प्रदेशको कुनै पनि जिल्लामा कोरोना संक्रमित भेटिएका छैनन्।

सुदूरपश्चिम प्रदेशको अछाममा १९, कञ्चनपुरमा १४, कैलालीमा ११, डडेल्धुरामा १२, डोटीमा १, दार्चुलामा १, बझाङमा १०, बाजुरामा ६ र बैतडीमा १८ कोरोनामा कोरोना पुष्टि भएको छ।

# सालकको खपटासहित दुई पक्राउ

**काठमाडौं / रासस**

प्रहरीले बहुमूल्य वन्यजन्तु सालकको खपटासहित दुई जनालाई पक्राउ गरेको छ। महानगरीय प्रहरी वृत्त सिंहदरबारको टोलीले काठमाडौं महानगरपालिका-२९ स्थित मैतीदेवी पेट्रोलपम्प नजिक गुडिरहेको बा २ ज ६५७ नंको भाडाको ट्याक्सीमा सालकको खपटा ओसारपसार गरिरहेको अवस्थामा पक्राउ गरेको हो।

महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी नायब उपरीक्षक प्रमेश विष्टले सालकको खपटा ओसारपसार गरेको अभियोगमा सिन्धुपाल्चोकका ३२ वर्षीय राम मिजार र सोही जिल्लाका २७ वर्षीय नवराज मिजारलाई पक्राउ गरिएको जानकारी दिए।

प्रहरीले नवराज मिजारले बोकेको कालो झोलामा रहेको ४.४५ ग्राम खपटासमेत बरामद गरेको छ। पक्राउ परेका दुवै जनासँग आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# बालयौन दुराचारका आरोपमा फ्रान्सेली पक्राउ

**काठमाडौं / रासस**

बाल यौन दुराचारका आरोपमा एक फ्रान्सेली पक्राउ परेका छन्।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले पोखराका १२, आठ र सात वर्षीय तीन नाबालकलाई यौन दुराचार गरेको आरोपमा फ्रान्सका ६० वर्षीय क्रिष्टियन सर्ज हेनरी नौगारेटलाई सोमबार पक्राउ गरी मंगलवार सार्वजनिक गरेको हो। ब्यूरोका प्रवक्ता बेलबहादुर पाण्डेले पोखरा महानगरपालिका-१७ बिरौटा पावर हाउसस्थित फुर्सेखोला बगर किनारामा यौन दुराचार गरिरहेका अवस्थामा नौगारेटलाई प्रहरीले पक्राउ गरेको जानकारी दिए।



प्रहरीले यौन दुराचारमा परेका तीन नाबालकलाई समेत उद्धार गरेको छ। उद्धार गरिएका नाबालकलाई अभिभावकको जिम्मा लगाइसकिएको छ। नौगारेटविरुद्ध बालयौन दुरुपयोग तथा आप्राकृतिक मैथुन गरेका कसुरमा आवश्यक अनुसन्धान गरी कारवाही प्रक्रिया अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय कास्कीलाई बुझाइएको ब्यूरोले जनाएको छ।

नौगारेट गैरपर्यटकीय भिसामा नेपाल आई पोखरामा बस्दै आएको प्रहरी उपरीक्षक पाण्डेले बताए।

# एचआइभी नियन्त्रणमा महत्वपूर्ण उपलब्धि : मन्त्री ढकाल

**काठमाडौं / रासस**

स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले एचआइभी संक्रमण नियन्त्रणमा नेपालले महत्वपूर्ण उपलब्धि हासिल गरेको बताएका छन्।

तेतीसौं विश्व एड्स दिवसको अवसरमा मंगलवार शुभकामना सन्देश दिँदै उनले कोभिड-१९ भएजस्तै सन् १९९० को दशकमा महामारीको रुपमा देखिएको एचआइभी संक्रमण नियन्त्रणमा नेपालले महत्वपूर्ण उपलब्धि हासिल गरेको बताएका हुन्। उनका अनुसार नेपालले नयाँ संक्रमण दर सन् २०१० देखि २०१९ सम्म ६४ प्रतिशतले घटाएको छ। सोही समयमा विश्वमा यसको दर २३ प्रतिशतले घटेको छ।

यस्तै नेपालमा एड्सको कारणले हुने मृत्युदर पनि ८५ प्रतिशत र विश्वमा ३९ प्रतिशतले घटेको छ। उनले कोभिड-१९ ले एचआइभी संक्रमित र एचआइभी सर्न सक्ने जोखिममा रहेका समूहलाई स्वास्थ्य सेवा पहुँचमा अझ अप्ठ्यारो र चुनौतीसमेत भएको बताए।

सरकार विभिन्न साझेदार संस्था र नागरिक समाज सबैको सक्रियतामा कोभिड-१९ को विषम परिस्थितिमा पनि एचआइभी संक्रमितलाई एआरभी औषधि उचित र निरन्तर वितरण गरिएको बताए। सन्देशमा उनले सरकारको राष्ट्रिय एचआइभी रणनीतिक योजना २०१६-२०२१ अनुसार ९० प्रतिशत एचआइभी संक्रमितले आफ्नो संक्रमण अवस्थाबारे थाहा पाउने, तीमध्ये ९० प्रतिशतमा औषधि उपचारको पहुँच हुने र औषधि खानेमध्ये ९० प्रतिशतको शरीरमा भाइरसको भार न्यून भएको हुने लक्ष्य प्राप्तिका लागि एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचारसम्बन्धी कार्यक्रमलाई तीव्रता दिइएको बताए।

दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा एड्सको महामारी अन्त्य गर्ने प्रतिबद्धताका साथ योजनाबद्ध रुपमा काम भइरहेकोसमेत उनले जानकारी दिए। सरकारले संक्रमितलगायत उनीहरूको परिवारका सदस्यलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमसमेत लागू गरेको छ।

उनले दिवसको अवसरमा सबैलाई एचआइभीविरुद्धको अभियानमा ऐक्यबद्धता एवं प्रतिबद्धता जनाउनसमेत आह्वान गरे। उनले एचआइभी क्षेत्रमा कार्यरत रहेका सरकारी, गैरसरकारी सङ्घसंस्थालाई राष्ट्रिय रणनीति अनुसार उद्देश्य प्राप्तिका लागि थप क्रियाशील हुनसमेत आग्रह गरे।

मन्त्री ढकालले कोभिड-१९ को रोकथाम र नियन्त्रणमा सरकारले सम्पूर्ण साधन, स्रोत र क्षमताको प्रयोग गर्नपर्ने वर्तमान परिस्थितिमा रहेको भन्दै महामारीको बेलामा सबैजना सुरक्षित नभएसम्म कोही पनि सुरक्षित नहुने बताए।

मंगलवार विश्वभरि 'एचआईभी नियन्त्रण तथा रोकथामका लागि विश्वव्यापी ऐक्यबद्धता तथा साझा जिम्मेवारी' भन्ने नाराका साथ विश्व एड्स दिवस मनाइएको छ।

# नेकपा सचिवालय बैठक बुधबार पुनः बस्ने

**टुडे एक्सप्रेस / काठमाडौं**

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को सचिवालय बैठक बुधबार दिउँसो १ बजे बस्दैछ। मंगलवारको बैठकमा दुवै अध्यक्षको प्रतिवेदनमाथि छलफल भएको थियो।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको बैठकमा प्रधानमन्त्री तथा अध्यक्ष केपी शर्मा ओली तथा अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राखेका राजनीतिक प्रस्तावमाथि औपचारिक छलफल भएको तथा उक्त छलफल बुधबार पनि निरन्तर गर्ने सहमति भएको छ।बैठकमा अध्यक्ष दाहालले प्रधानमन्त्री ओलीले ल्याएको ३८ पेजको राजनीतिक प्रस्तावको जवाफ समेत पेस गरेका थिए। बैठकको सुरुमै अध्यक्ष तथा प्रधानमन्त्री ओलीले बैठकको वैधानिकता सकिएको जिकिर गरे पनि अन्य सदस्यले बैठक बस्नु आवश्यक रहेको बताएपछि मंगलबारको बैठक बसेको थियो। झण्डै ३ घण्टा चलेको बैठकमा सचिवालयका सदस्यहरूले अध्यक्षद्वय ओली र प्रचण्डको प्रतिवेदनमाथि आ-आफ्ना धारणा राखेका थिए।

नेकपाको जारी विवाद समाधान गरी एउटा निष्कर्षमा पुग्न अनौपचारिक रुपमा छलफल तथा अन्तरक्रिया जारी राख्ने निर्णय भएको नेकपा प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए। उनले भने, 'यसका लागि अनौपचारिक छलफल र अन्तरक्रिया अघि बढाउन आवश्यक ठानिएको छ।'

आजको बैठकमा सचिवालयका अन्य सचिवालय सदस्यहरूले पनि टिप्पणी गरेको प्रवक्ता श्रेष्ठले बताए। 'पार्टी एकताको रक्षा गर्दै असहमतिको कारणको पहिचान गर्दै छलफल अघि बढाउने प्रयत्न छु' श्रेष्ठले भने, 'औपचारिक तथा अनौपचारिक छलफलले स्पष्ट निष्कर्ष निकाल्नेछौं।' १८ गतेका लागि निर्धारित स्थायी समितिको बैठकलाई जारी सचिवालय बैठकले कुनै फरक नपार्ने समेत श्रेष्ठले बताए। पछिल्लो समय राजतन्त्र पक्षधरहरूको निरन्तर भइरहेका प्रदर्शनबारे उनले नेपालमा पुनः प्रतिगमनको चाहना कसैले पनि नराखे हुने बताए। उनले भने, 'प्रतिगामी शक्तिहरूले नेपालमा फेरि प्रतिगमनको सफलता प्राप्त गर्ने नसोचे हुन्छ। लोकतन्त्रलाई सुदृढ गर्ने क्रममा केही कमजोरी भए सच्याउनेछौं।'


यसअघि कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गत कात्तिक २८ गते र प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओलीले यही मङ्सिर १३ गते आ-आफ्ना प्रतिवेदन प्रस्तुत गरेका थिए।

## निशुल्क विज्ञापन सम्बन्धि सूचना

मधेशको महत्वपुर्ण पर्व छठको अवसर पारेर मंसिर ५ गतेबाट नियमित प्रकाशन भइरहेको टुडे एक्सप्रेस पत्रिकामा वर्गिकृत विज्ञापन निशुल्क प्रकाशन गरिने व्यहोरा अनुरोध छ।

टुडे एक्सप्रेस
www.etodayexpress.com

सम्पर्क : टुडे एक्सप्रेसको कार्यालय
जनकपुरधाम-८, पीडारी चोक
Email : etodayexpress@gmail.com
Mobile: 9810290474



सम्पादकीय...

# घरभित्रको महिला हिंसा निर्मूल गरौं

माता पिता दुष्ट हुँदैनन् भन्ने मान्यता समाजमा व्याप्त छ। माता पिताभन्दा नजिकको इष्ट अरु कोही हुन सक्दैन भन्ने विश्वास गरिन्छ। तर रौतहटमा एक युवतीलाई पिताले रकम खर्चेर हत्या गर्न लगाएको तथ्य खुलेपछि समाजमा हाहाकार मच्चिनु स्वभाविक हो। कही कतै दया , माया र स्नेहलेप नपाए पनि सन्तान माता पिता समक्ष पुग्छन्। घरमा हेला होचो वा हिंसा गरियो भने पनि माइती गएर सुरक्षा र ममता पाइने कुरामा ढुक्क हुन्छन्। तर माता पिताबाटै पनि छोरी असुरक्षित भए पछि महिला हिंसा मुक्त समाजको परिकल्पना कसरी साकार होला ? बिचारणीय र चिन्तनको सवाल बनेको छ।

हाम्रो समाजमा महिलाको यौन शुद्धतासँग परिवारको प्रतिष्ठा गाँसिने कुराले महिलालाई असुक्षित बनाएको छ। महिलाको पनि पुरुष जस्तै भौतिक शरीर , मन र चेतना हो। प्रकृतिले महिलामा पनि यौन उर्जा र प्रजनन् क्ष्मता दिएकै कारण समाज र सृष्टि अघि बढिरहेको छ भन्ने बोध भएन। शरीर महिलाको तर नियन्त्रण पुरुषको। छोरीले आफूखुशी यौन आचरणका लागि वा  बैवाहिक सम्बन्धका लागि पुरुष रोजे माता पिताको इज्जत जाने सोचले महिलामाथि हिंसा बढाएको छ। रौतहट घटनाले त्यसलाई पुनर्पुष्टि गरेको छ। महिला वा छोरी एक सम्पूर्ण व्यक्तित्व हो। उसँग विवेक छ। समार्थ्य छ। स्वरोजाइको हक छ। जीवन जीउने अधिकार छ। माता पितको सरसल्लाह हुन सक्छ तर छोरी नाता भएकै कारण माता पितालाई मालिक जस्तो हक प्राप्त हुँदैन। झन् ज्यानै लिने हक त कसैलाई हुँदैन।

घरभित्र परिवारको मर्यादा पालन गरेर बसेका महिला पनि यदाकदा घरभित्र कै पुरुषबाट यौन हिंसामा परेको खबर बेलाबखतमा छरपस्ट नभएको होइन। एकातिर मर्यादा पालनका लागि यौन नियन्त्रणका नाममा हिंसा अर्कोतिर घरभित्रै पनि अनुचित यौन शोषण। कति बिरोधाभाषपूर्ण स्थितिको सामना गर्ने महिलाले  ? घर सबैभन्दा सुरक्षित स्थल हुनु पर्ने हो तर घरभित्र पनि महिलामाथिको हिंसाकोघटना बाक्लै छ। त्यो पनि फगत यौनका कारणले।

एउटी छोरीले जन्मे पछि स्वतन्त्र रुपमा सुख शान्तिपूर्वक पूरै जीवन जीउने हक छ। त्यसका लागि छोरीले पनि जन्मसिद्ध अधिकारहरू निर्वाध रुपमा प्राप्त गर्नुपर्छ। महिलाले अधीनमा रहेर जीउनु पर्ने बाध्यताबाट मुक्त हुन पाउनु पर्छ। रौतहटमा पिता स्वयम्ले हत्या गरेको महिलाको जीउने अधिकार मिथ्या इज्जतको लागि खोसियो। दानवीयताको हद पार गर्दै आफ्नै छोरी मार्न लगाउने माता पिता हदैसम्म सजायका भागिदार छन्।

महिलाको मानवीय सर्वाङ्गिन बिकासका लागि घर सर्वप्रथम सुरक्षित स्थल हुनुपर्छ। घरबाट महिला हिंसा दुर भए मात्र घर घरबाट महिला हिंसा निर्मूल हुन्छ। यो आजको सर्वाधिक खाँचोकोविषय हो। समयको माग हो। आफ्नै घरलाई महिला हिंसा मुक्त बनाऔं।

# ‘अहंकार’मा पत्रकारिता भर्सेस पत्रकारितामा ‘अहंकार’



अर्जुन थपलिया



भनिन्छ ‘मानिस संसारमा दुई कारणले दुःखी छन्।’ एउटा काम गर्नेहरूले भन्दा नगर्नेहरूले अपार सम्पत्ति थुपार्नु, अर्को मानिसमा व्याप्त ‘इगो’ अर्थात् अहंकार। दुःख र दुःखी मानिस झुपडीमा मात्र छैनन्। अभावग्रस्त र आर्थिकरूपमा गरिब वा दरिद्र भनिएकाहरू मात्र दुःखी छैनन्। अपार धनदौलत हुनेहरू र महल अट्टालिकामा बस्नेहरू पनि दुःखी छन्। त्यो दुःखको कारण ‘इगो’ हो। अहंकार सबै मानिसमा हुन्छ तर मात्रात्मकरूपमा फरक हुन्छ। सञ्चार जगतमा काम गर्नेमा अचाक्ली अहंकार हुन्छ ।

संसारका धेरैजसो राजनीतिज्ञ र दार्शनिकले गरिबीको उपचार खोज्न बौद्धिकता प्रयोग गरे। यस्तैमा, २१ औं शताब्दीका चर्चित दार्शनिक ओशोले भने, ‘अमिरी अर्थात धनाढ्यताको उपचार खोज्दैछु।’ ओशोको तात्पर्य थियो, ‘गरिबीको उपचार सहज छ तर धनाढ्यताको उपचार खोज्न अति कठिन।’ उपचार खोज्नेक्रममा ओशोले मानवता दुःखी, दीनहीन र उपद्रवी हुनुका कारण ‘अहंकार र हीनताबोध’ देखाएका छन्। तर जीवन र जगतलाई चौतर्फी र मिहीन तरिकाले दृष्टिगत गर्दा अहंकार स्वयम् मानवले आर्जित गर्छन् । पत्रकारको अन्तःस्करण छाम्ने हो भने त्यहाँ झन अहंकार भेटिन्छ। पत्रकारितालाई व्यावसायिक बनाएर समाजमा प्रस्तुत भइरहेका पत्रकारको अन्तःस्करण उद्घघाटित गर्ने हो भने ज्यादा अहंकार भेटिन्छ।

‘चीर स्थायी सुख र आनन्द अहंकारविहीनता र समय प्रवाहको अनुभूति विहीनता हो। समाधि र यौनक्रीडाको चरमोत्कर्षमा पुगेको बेला सामान्यतया मानिसलाई समय र जगत हेक्का हुँदैन।’

ऐना काठको फ्रेममा जडिएको होस् वा अकबरी सुनको। ऐना अगाडि जे-जुन स्वरूपमा आउँछ, ऐनाले सर्लक्कै त्यस्तै देखाउँछ। साहित्यमा ‘उपमा र विम्व’को सुन्दर जलप लगाउने लक्षणा र व्यञ्जना विधामा ऐनालाई अविधा सूचक मानिन्छ। अर्थात् ऐना सत्य बोल्ने प्रतीकका रूपमा लिइन्छ। सकल दर्जा र जिम्मेवारी निर्वाह गर्ने पत्रकारले ऐना हेर्ने हो भने स्वयम् पनि अहंकारको मात्रा मापन गर्न सक्छन्। सञ्चारकर्ममा लाग्नेमा ‘अहंकारको ’ को मात्रा ज्यादा भइरहेको यथार्थलाई ऐना बनेर आफैले विम्व हेर्न सकिन्छ।

ओशोको भनाइमा मानिस दुई अवस्थामा मात्र ‘इगोलेस’ अर्थात अहंकारविहीन हुन्छ। एउटा ध्यान विधिद्वारा समाधिमा पुगेको मनुष्य ‘इगोलेस’ हुन्छ, अर्को यौनक्रीडाको चरमोत्कर्षका बेला मानिस ‘इगोलेस’को अवस्थामा पुग्छ। उनले आफ्नो ‘सर्वाधिक विवादित प्रवचन’मा पनि भनेका छन्, ‘सम्भोगबाट पनि समाधिमा पुग्न सकिन्छ।’ मनुष्यले जीवित छँदै ध्यान विधिद्वारा समाधि प्राप्त गर्ने आध्यात्मिक साधना गर्छन्। इगोलेसनेस र टाइमलेसनेस (समयविहीन र अहंकारविहीन) मानवचित्तमा पारलौकिक परमानन्द अनुभूत हुन्छ। ओशो थप्छन्, ‘टाइमलेसनेस र इगोलेसनेस मानवचित्तको अति दुर्लभ अवस्था हो। यो अवस्थामा मनुष्यको चित्त अत्यन्त प्रफूल्लित र सुखी हुन्छ। आशोले  प्रष्ट्याएका छन्, ‘अन्य सबै सुख क्षणभंगुर हुन्। तर चीर स्थायी सुख र आनन्द अहंकारविहीनता र समय प्रवाहको अनुभूतिविहीनता हो। समाधि र यौनक्रीडाको चरमोत्कर्षमा पुगेको बेला सामान्यतया मानिसलाई समय र जगत हेक्का हुँदैन।’ वास्तवमा ‘इगो’को कुनै विधायक अस्तित्व र सत्ता हुँदैन। अहंकार भौतिक बस्तु जस्तो ठोस्, तरल वा ग्यासजस्तो होइन। ‘इगो’ मनुष्य चेतनामा भएकै खुशीको ‘उल्टो’ अवतार हो। खुशी सीधा उभिएको मनुष्य हो भने ‘इगो’ शीर्षासनमा उभिएको अवस्था। जसरी एउटा दीयो सल्किनेबित्तिकै जति पुरानो र बाक्लो अन्धकार दूर हुन्छ त्यसरी नै मनुष्यले चित्त शुद्धिकरणमार्फत इगो भगाउन सक्छ। अन्धकारको पनि विधायक अस्तित्व हुँदैन। अन्धकार उज्यालोको अनुपस्थित अवस्था मात्र हो। मनुष्यले अहंकारविहीन चित्त पैदा गर्न सक्छ। अहंकार दुःखको मूल हो। अहंकारमा मनुष्यले आफ्नो चित्त कलुषित पार्छ र दुःख आयात-आर्जन गर्छ।

यद्यपि अहंकार विलीन वा शून्य हुनासाथ मनुष्य अलौकिक सुख अनुभूत गर्छ। अहंकारविहीनता अवस्थामा मात्र मनुष्य वास्तविक स्वरूपमा प्रकट हुन्छ। मूर्तिकारले एउटा विशाल पाषण हातमा लिन्छ। छिनो-हथौडाको सहाराले फाल्तु वा बढी भएको ढुंगा फालेपछि त्यसमा सुन्दर आकृति अर्थात् मूर्ति उत्पत्ति हुन्छ। मनुष्यभित्र अहंकार ऐँजेरु वा फाल्तु ढुंगा हो। अहंकार फालेपछि प्रशन्न चित्तमा मनुष्य प्रकट हुँदा संसार नै अर्कै हुन्छ। मनुष्यको सहजताका लागि अनेक सुविधा र विकास त भए तर स्वयम् मनुष्यमा विकासको बाधक चैं ‘इगो’ रहिरह्यो-झांगिरह्यो।

एउटा मनुष्यले आफूसँग जे छ त्यही बाँड्न सक्छ। आफूसँग नभएको चिज वा वस्तु अरुलाई दिन सक्दैन। ग्रहण गर्ने मनुष्यले पनि अन्तरआत्मामा जे छ त्यही वस्तु लिन रुचीकर ठान्छ। भित्र मनमा अहंकारभएकाले अहंकार नै बाँड्ने हो। अहंकार बाँड्नेबाट अहंकार लिएर लिने मानिस पनि तृप्त हुन्छ। फलस्वरुप समाजमा अहंकारी मनुष्यको वृद्धि हुन्छ वा अहंकारको मात्रा मनुष्यभित्र झन् वृद्धि हुन्छ। यसर्थमा अहंकारी पत्रकारले समाजमा अहंकार नै बाँड्छ। पाठक, श्रोता वा दर्शकले पनि पढेर , सुनेर वा हेरेर अहंकार कै रसपान गर्छन्। अहंकारको खेतीझन् मौलाउँछ।

दार्शनिक आशो भन्छन् मनुष्य त्यसकारण पत्रिका पढ्छन् वा रेडियो सुन्छन् वा टेलिभिजन हेर्छन् जवकी त्यसबाट उसको अहंकारलाई मलजल हुन्छ। अहंकारको तृप्ती हुन्छ। क्षणभंगुर भए पनि त्यसबाट आनन्द महसुस गर्छ। जस्तै कुनै एक व्यक्ति वा समूहले कुनै अपराध वा नराम्रो काम गरेको समाचार पढेर वा सुनेर व्यक्तिलाई लाग्छ यी व्यक्तिहरूभन्दा म निकै राम्रो छु। अर्थात सारा जमाना खराख छ तर तुलनात्मक रुपमा म असल छु। समाचार पढ्ने वा सुन्नेलाई तुरुन्त यस्तो अहंकार बोध नहुन सक्छ तर चेतनाको  धेरै गहिराईमा मानव मनले समाचार पढेर वा सुनेर अहंकारलाई तृप्ती प्रदान गरिरहेको हुन्छ। त्यसकारण मानिसले एकाबिहानै अखबार खोज्छ। रेडियो ट्युन गर्छ। टेलिभिजनको च्यानल खोल्छ। सञ्चार जगत नै समाजलाई अहंकारको रसपान गराउन उद्धत छ। त्यसकारण समाचारको नाममा शब्दको व्यापार चलिरहेको छ।  मनुष्यको समाचार जगतसँग लगाव छ। यो आश्चर्यजनक होइन। सबै अहंकारको खेती र पालन पोषण हो।

अहिले विज्ञापनको पनि अहंकारलाई मलजल गर्ने गरी डिजाइन गरिन्छ। विज्ञापनमा मनुष्यभित्रको अहंकारलाई बढावा दिने शब्द, कथा वा दृश्यांकन गरिएको हुन्छ। जसले गर्दा मनुष्य देखाइएको सामान खरिद गर्न अभिप्रेरित मात्र हुँदैनन् अपितु विवश पनि हुन्छन्। मनुष्यभित्रको अहंकारलाई भुंग्रोलाई खलाँतीले हावा दिए झैं उक्साहटपूर्ण विज्ञापनले मलजल गर्छ। फलतः मनुष्य त्यो सामानप्रति आकर्षित हुन्छन्। विज्ञापनले बजारमा चुम्बकीय गुणको काम गर्छ र अहंकारयुक्त मनुष्य फलाम झैं बन्छ।

बजारले मिडियालाई पनि खुव उपयोग गरेको छ। मनुष्य र सिंगो समाजभित्र अहंकार भर्नका लागि। त्यसकारण पत्रकारिता र पत्रकार अहंकार प्रसार गर्ने सुचालक शक्ति वा माध्यम बनेको छ। समाज झन्झन् असहिष्णु बन्दैछ। सकारात्मक घटना र आलेखहरू मात्र पस्किने हो भने कुनै सञ्चारमाध्यम समाजमा अरुचिकर हुन सक्छ। ख्याति वा टिआरपी नपाउन सक्छ। बिक्री नहुन सक्छ। वास्तवमा सञ्चार जगत अहंकार कै खेती हो भन्दा अतिशोयुक्ती नहोला।

# कानमा शब्द होइन, आँखामा तस्बिरको छारो



सन्तोष यादव

भनिन्छ ‘एउटा तस्बिर एक हजार शब्दको वजन’ बोकेको हुन्छ। सामाजिक सञ्जालमा दिनमै लाखौंलाख तस्बिर पोष्ट हुन्छन्। समाजमा चित्रात्मक परिवेश छ। अक्षरमा विचार र ज्ञान खोज्ने र धारणा बनाउने क्रम घट्यो। अक्षरको स्थान चित्रले लियो। छापा माध्यम, पुस्तक वा सम्भाषणप्रति अनुराग घट्यो। चित्रातत्मक दृश्यमा दर्शकको आँखा अभ्यस्त हुँदैछ। सुन्ने कला हराउँदैछ। हेर्ने कला बढ्दैछ। श्रोता घट्यो र दर्शक बढ्यो। सामाजिक सञ्जालले समाजलाई चित्रमय बनाउँदैछ।

टेलिभिजनमा समेत शव्द कम चित्र बढी देखाइँदैछ। त्यसले धारावाहिक शो घट्दैछ तर रियालिटी शो वृद्धि हुँदैछ। ग्यालमर र सामाजिककै कारण  विद्युतीय सञ्चार माध्यम पनि त्रसित छन्। विद्युतीय सञ्चारमाध्यमको ब्रेकिङ र फल्यासको ग्यालमर सामाजिक सञ्जालले खोस्दैछ। हरेकको हातमा मोबाइल छ र अविच्छिन्न इन्टरनेट छ। घटनास्थलमा दृश्य क्लिक गरेर सामाजिक सञ्जालमा पोष्ट गर्न निमेष लाग्दैन। विद्युतीय सञ्चार माध्यमले सामाजिक सञ्जाललाई स्रोत बनाउनु पर्ने विवशता आइलागेको छ। छापाका पाठक हातहातमा हुने विद्युतीय पर्दामा पढ्न सकिने अनलाइनमा झुम्मिरहन बाध्य छन्। समाजको ठूलो हिस्सा टेलिभिजन भन्दा सामाजिक सञ्जालमा व्यस्त छन्।

यसको फाइदा राजनीतिक नेतृत्वले उठाउँदैछ। भारतीय चर्चित पत्रकार रबीस कुमार भन्छन् ‘पहिले आँखामा छारो हाल्ने भनिन्थ्यो’। तर प्रविधिले परिस्थितिमा परिवर्तन ल्यायो। अब ‘आँखामा छारो होइन तस्बिर हाल्ने हो ’। डिजिटल प्रविधिले सुन्दर र आकर्षक तस्बिर बनाउन सक्छ। नयन सुखदायी त्यस्ता तस्बिर बनाएर सामाजिक सञ्जालमार्फत ठूलो जमातलाई क्षणभरमै एकसाथ देखाउन सकिन्छ।



समाजवाद उन्मुख समाजको परिकल्पना समेत काँचको पर्दामा झुल्किने तस्बिरमार्फत बाँडिदैछ। विकास होस्,नहोस् तर तस्बिर विकासका सपना कोरलिएको हुन्छ। रेल, मोनो रेल, ग्यासको पाइप लाइन, सडक र सुन्दर हराभरा शहरको आर्किटेक्ट सबै तस्बिर स्क्रिनको थालमा पस्किने क्रम बढ्दो छ। नेतालाई आलोचनाबाट बच्ने कवच प्राप्त भयो। भाषण र आचरणमा फरक पर्दा ‘सिरुबारी बयली खेलेको ’ उपमा दिइन्थ्यो। तर सामाजिक सञ्जालमार्फत प्रवाहित तस्बिरको आलोचना गर्न अर्को उपमाको खोजी गर्नुपर्ने भयो। संविधानमा उल्लेखित समाजवाद उन्मुख समाजको परिकल्पना समेत काँचको पर्दामा झुल्किने तस्बिरमार्फत बाँडिदैछ। एउटा तस्बिर आँखाभरी हेरी नसक्दै अर्को पोज स्क्रिनमा झुल्किन्छ। तस्बिरको बाढी कम हुँदैन। अब शब्दमा वर्णन गरिएको कुनै विचार भाइरल हुँदैन। तस्बिर भाइरल हुन्छ।

तरकारीवाली वा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दलितको गोडा धोएको तस्बिर भाइरल बन्यो। कुनै विद्वान मनिषीबाट अभिव्यक्त खँदिलो विचारसँगै तस्बिर आउनुपर्छ। नत्र लाइक र कमेन्ट आउँदैन। शब्द र वाक्यको महत्व घटेको कारण अखवारको महत्व र क्रेज घट्दै गयो। किनकी शब्द र वाक्यप्रतिको आकर्षण घट्यो। चित्रात्मक प्रस्तुतिप्रति समाज आकर्षित भयो। ५ वर्ष अघि जनतासँग गरिएका वाचा पूरा भएन भन्दै भारतमा नरेन्द्र मोदीको लोकप्रियता घटेको महशुस गरियो। आसन्न चुनाव जित्न मोदीले मतदाताको आँखामा मनमोहक तस्बिर हाल्नुपर्ने बाध्यता थियो। जनताको मनमा गर्विलो बीज छर्नु थियो। त्यसका लागि नै पाकिस्तानको भूमिमा भारतीय लडाकू विमानले बम खसाल्ने दृश्य पैदा गरियो। काँचका पर्दामा ती दृश्य भाइरल भए। भारतीय मतदाताको अभिमान तृप्त पारियो।

इन्टरनेट र सामाजिक सञ्जालले राजनीतिमा कार्यकर्ताको उपयोगिता घट्दै गएको छ। राजनीतिक दलका कार्यकर्ता पनि प्रयोगविहीन हुने भए। पार्टीको प्रचारमा अहोरात्र खटिने कारणले कार्यकर्ता नेताको आवश्यकता हुन्थ्यो। नेताले कार्यकर्ताको उपयोगिता देख्थे। उपेक्षा र मानमर्दन गर्दैनथे। अब सन्देश छर्ने र जनमत बनाउने कार्य इन्टरनेट मार्फत हुन्छ। सामाजिक सञ्जालले कार्यकर्ताभन्दा पनि तेज-तर्रार गतिमा सन्देश प्रवाह गर्छ। सुन्दर र आकर्षक तस्बिर छर्छ। हात-हातमा रहेको मोबाइल स्क्रिनमा प्रकट हुन्छ। कार्यकर्ताभन्दा छिटो जन-जनमा पुग्छ। उहिले माता पिताबाट सीप सिकेर पुर्ख्यौली पेशा धान्ने र जीविका चलाउने बाध्यताले पुत्र पिताप्रति पुत्री माताप्रति कृतज्ञभावले भरिएको हुन्थ्यो। तर अब प्रविधिले त्यो दिनलाई बिदा गर्यो। मेसिन चलाउन र द्रुतगतिमा काम निपटारा गर्ने सीप पछिल्लो पुस्तासँग छ। त्यसकारण पछिल्लो पुस्ता अघिल्लो पुस्ताप्रति आश्रित अनुगृहित छैन।

ठीक त्यसैगरी नेता पार्टीका कार्यकर्ताप्रति अनुगृहित र आश्रित रहने परिस्थिति छैन। पार्टीको हाइकमाण्ड उच्च प्रविधियुक्त मिडियातिर लहसिए। कार्यकर्ता प्रति अनुराग घट्यो। काँचका पर्दाले समाजको मनोविज्ञान चित्रात्मक बनायो। राजनीतिको साइनो र सम्बन्ध बदलियो। कार्यकर्ता उपेक्षित भए। विद्युतीय सञ्चारमाध्यम र पर्दा नेताका लागि प्रिय भयो।

# शुद्ध र सहज 'वैदिक श्राद्ध पद्धति' सार्वजनिक

**काठमाडौं / रासस**

वैदिक सनातन धर्मावलम्बीले गर्ने धार्मिक कर्मका पुस्तकमा अशुद्धि वृद्धि हुँदै जान थालेपछि शुद्ध पुस्तक प्रकाशनका लागि अभियान चलाउने युवा देखा पर्न थालेका छन् ।

वाल्मीकि विद्यापीठमा कर्मकाण्ड प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीले बजारमा पाइने पुस्तक अशुद्ध भएको थाहा पाएपछि समूह बनाई शुद्ध पुस्तक प्रकाशन गर्न थालेका छन् । प्रशिक्षार्थी सुदीपकुमार पौडेलको नेतृत्वमा पहिलोपटक 'वैदिक श्राद्ध पद्धति' नामक पुस्तक बजारमा ल्याइएको छ । बजारमा पाइने पुस्तकमध्येमा शुद्ध र सहजरूपमा बुझ्न सकिने गरी दुई वर्ष लगाएर पुस्तक सम्पादन गरिएको उनले जानकारी दिए ।

यसअघि बजारमा आएका श्राद्धलगायत कर्मकाण्डका पुस्तकमा विभिन्न ग्रन्थबाट ल्याइएका मन्त्रलाई सम्पादकले नै लेखे जसरी लेखक भन्ने गरिएकामा यसमा भने संकलक उल्लेख गरिएको छ । वेदका मन्त्रसमेत 'मैले लेखेको हुँ' भन्ने सन्देश दिने लेखकका बीच पुस्तकमा भने स्रोत सामग्री पनि उल्लेख गरिएको छ । पुस्तकमा कुन



मन्त्रलाई कुन वेदबाट ल्याइएको हो भन्ने समेत खुलाइएको छ ।

पुस्तकमा छ वटा श्राद्ध विधि दिइएको छ । यसअघि बजारमा आएका पुस्तकमा चारवटासम्म मात्र श्राद्धविधि दिइएको हुन्थ्यो । पुस्तकमा एकोद्दिष्ट, पार्वण, एकापार्वण, तीर्थ, अभिधवा मातृनवमी र त्रिपिण्डी श्राद्ध विधिका साथै श्राद्धमा प्रयोग हुने विभिन्न वैदिक सूक्त पनि दिइएको छ । तर्पण क्रम, श्राद्ध सामग्री, तर्पण गर्ने र श्राद्ध गर्ने स्थलको सचित्र वर्णन गरी प्रकाशित पहिलो पुस्तक भएकाले संस्कृतको अध्ययन नगरी पुरोहित काम गराउने र गर्ने दुवैका लागि उपयोगी पुस्तकका रूपमा आएको छ । दुई सय ५६ पृष्ठको पुस्तकको मूल्य रु ३५५ तोकिएको छ ।

पुस्तक तयार पार्न वाल्मीकि विद्यापीठका कर्मकाण्ड प्रशिक्षक नारायणप्रसाद कोइराला, पौडेल, विष्णुप्रसाद खनाल र बालमुकुन्द अर्यालको समूह लागि परेको हो । पुस्तकका लागि सामग्री संकलन भने मणिराम कोइरालाले गरेका हुन् । पुस्तकमा श्राद्धमा प्रयोग हुने विभिन्न शब्दका रूप र विभक्तिसमेत उल्लेख गरिएको छ ।

वैदिक शास्त्रमा 'पितरो वाक्यमिच्छन्ति भावमिच्छन्ति देवताः' अर्थात् 'पितृले वाक्य शुद्ध उच्चारण चाहन्छन्, देवताले भने भावमात्र भए पनि चित्त बुझाउँछन्' भनी उल्लेख गरिएको छ । वाक्य शुद्ध नभए श्राद्ध गरे वा गराए दुवैको फल नपाइने पनि शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ ।

यसैले बजारमा भएजस्ता श्राद्धका पुस्तक दुई महिनामै प्रकाशन गर्न सकिने भए पनि दुई वर्ष लगाएर सबै विषयलाई समेटिएको प्रकाशन समूहले जनाएको छ । विद्यापीठमा प्रशिक्षण लिइरहेको समूहले सनातन धर्ममा देखिएका विकृति अन्त्य हुने गरी शुद्ध र सहज पुस्तक प्रकाशन गरेकामा प्राचार्य गणेशप्रसाद घिमिरेले खुसी व्यक्त गरेका छन् । सामान्य पढेलेखेकाले पनि विधिपूर्वक श्राद्ध कर्म गर्न पुस्तक उपयोगी हुने उनको विश्वास छ ।

समूहले विभिन्न कर्मका लागि आवश्यक अन्य १० पुस्तक पनि प्रकाशनको तयारी गरिरहेको जनाइएको छ । अग्निस्थापना, दुर्गा पूजा विधि, जन्मोत्सव पूजाविधि, स्वस्थानी पूजाविधि, हरितालिका पूजाविधि, जातकर्म विधि, दशगात्रविधि, पूर्वाङ्ग विधि, पुरुषोत्तम पूजा विधि र सरस्वती पूजा विधि पनि प्रकाशनको तयारी भएको जनाइएको छ ।

# अनुकूल समयमा विद्यालय खोलिने




**ललितपुर / रासस**

ललितपुर महानगरपालिकाले काठमाडौं भ्याली मेयर फोरमको निर्णयपछि अनुकूल समयमा मात्र विद्यालय खोल्ने जनाएको छ । विश्वव्यापीरूपमा फैलिरहेको कोरोना महामारीका कारण महानगरपालिकाले काठमाडौं उपत्यकामा कोभिड सङ्क्रमणदर बढ्दै गएका कारण अन्य महानगरपालिका र नगरपालिकाका प्रमुखसँगको सल्लाह र सुझावपछि मात्र विद्यालय खोल्न उपयुक्त हुने जनाएको हो ।

जाडो समयमा कोभिड भाइरस बढी समय बाँच्छ भन्ने भनाइ रहँदा यसको असर विद्यार्थीमा नपरोस् भनी सो बैठकको छलफलपछि कसरी र कहिले विद्यालय खोल्न उपयुक्त हुन्छ, त्यसै गरिने महानगर प्रमुख चिरीबाबु महर्जनले बताए । उनले भने, 'काठमाडौं उपत्यकाका नगरप्रमुखसँग छलफल गरेर विद्यालय खोल्दा सबैमा एकरूपता पनि आउनेछ ।'

अभिभावक र सम्बन्धित विज्ञको सकारात्मक सुझावपछि सही समयमा विद्यालय खोलिने भएको महानगरपालिकाका शिक्षा शाखा उपसचिव महेन्द्रबहादुर क्षेत्रीको भनाइ छ । महालक्ष्मी नगरपालिकामा कोरोना जोखिम अझै रहँदा तत्काल विद्यालय खोल्ने अवस्था नरहेको शिक्षा शाखा प्रमुख सुनिता योङहाङले बताइन् ।

गोदावरी नगरपालिकाले भने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गत कात्तिक २० गते निर्णय गरेको विद्यालय सञ्चालन कार्यढाँचा, २०७७ मा उल्लेखित प्रावधानलाई पूर्णपालना गर्दै तोकिएको स्वास्थ्य मापदण्ड पूरा गरी पठनपाठन गर्ने र गराउने भनी अनुरोध गरिसकेको शिक्षा शाखा प्रमुख देवीप्रसाद उपाध्यायले बताए । उनले भने, 'कम विद्यार्थी भएका विद्यालयमा मास्क, स्यानिटाइजर र भौतिक दूरी कायम गर्न लगाउने, सम्भव भएका विद्यालयमा वैकल्पिक प्रणाली अपनाउने र सम्भव नभएका विद्यालयमा उपयुक्त सिकाइ विधि पालना गर्नेछौं ।'

दक्षिण ललितपुर वाग्मती गाउँपालिका शिक्षा समिति बैठकले सम्भव भएका कुरालाई पालना गरेर अघि बढ्न आग्रह गरिसकेको शिक्षा शाखा प्रमुख शेषकान्त पौडेलले बताए । महाँकाल गाउँपालिकामा विद्यालय खोल्ने निर्णय भइसकेको छैन । मन्त्रालयले जारी गरेको निर्देशिकाबमोजिम आफ्नो अनुकूलताअनुसार विद्यालय खोलिने भएको शिक्षा शाखा प्रमुख ओमप्रसाद जोशीले बताए ।

कोञ्ज्योसोम गाउँपालिकामा विद्यार्थी सङ्ख्या र कक्षाकोठाअनुसार अध्ययन र अध्यापनलाई अघि बढाइरहेको शिक्षा शाखा प्रमुख विष्णुप्रसाद आचार्यले बताए । उनले भने, 'हामीले सम्भव भएका विद्यालय कहीँ बिहान, कहीँ दिउँसो र कुनै स्थानका विद्यार्थीलाई दुईदेखि तीन घण्टा मात्र भए पनि सिकाइरहेका छौं ।'

# बिपीसँगै जागरण गीत गाउने योद्धाको निधन

**चितवन / रासस**

विसं २०१५ मा नेपाली कांग्रेसका नेता बिपी कोइरालासँगै जागरणको गीत गाउँदै चुनावी अभियानमा जुटेका योद्धाको मंगलवार निधन भएको छ । रत्ननगर नगरपालिका-१, बकुलहर निवासी खडानन्द पौडेलको ९३ वर्षका उमेरमा निधन भएको हो ।

कांग्रेस चितवनका पूर्वसभापति कृष्णलाल सापकोटाका अनुसार पौडेलले २०१५ सालको निर्वाचनमा बिपीसँगै गीत गाएका थिए । उनले भने, 'इन्क्लाब दाजुभाइ जिन्दावाद भनन, तिमी पनि दाजुभाइ काँग्रेसै बनन' भन्ने गीत गाउँदै चर्चामा आएको थियो ।'

विसं १९८५ वैशाख ३० गते बाग्लुङको बिनामारेमा जन्मिनुभएका पौडेलले भारतको वनारसबाट शास्त्री अध्ययन गरेका थिए । उनले प्रजातान्त्रिक आन्दोलनका क्रममा पटकपटक गरी १० महिना कारागार जीवन समेत बिताएको थियो ।

विसं २०३६ को जनमतसङ्ग्रहमा रत्ननगरका पार्टी उपाध्यक्ष, २०४६ सालको आन्दोलनमा कांग्रेस र संयुक्त जनमोर्चाका रत्ननगर संयोजक र २०४४ देखि २०५६ सालसम्म कांग्रेस रत्ननगरका सभापति भएका कांग्रेस चितवनका सभापति जीतनारायण श्रेष्ठले जानकारी दिए ।

आफ्ना पिताको चुनावमा समेत खटेका पौडेलको पार्थिव शरीरमा बिपी पुत्र एवं काग्रेसका महामन्त्री डा शशांक कोइरालाले पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जलि अर्पण गरेको थियो । पौडेलका हाल तीन छोरा र दुई छोरी हुन् ।

महामन्त्री कोइरालाले मंगलवार नै रत्ननगरमा दिवङ्गत भएका कांग्रेस नेता कृष्णप्रसाद पौडेलको पार्थिव शरीरमा घरमै पुगेर पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जलि अर्पण गरे । विसं १९९३ फागुन १० गते बाग्लुङको अमलाचौरमा जन्मिनुभएका पौडेलले २००७ देखि २०१७ सालसम्म पटकपटक कारागार जीवन बिताएका थिए ।

विसं २०४६ को जनआन्दोलनमा उनको टाउकामा गोली लागेको कांग्रेस चितवनले जनाएको छ । उनका दुई छोरा र चार छोरी छन् । दुवैको मंगलवार नै देवघाटमा अन्त्येष्टि गरिएको छ ।

# दरबार हाइस्कूलमा सिटी लाइब्रेरी सञ्चालन हुने

**काठमाडौं / रासस**

काठमाडौं महानगरपालिकाले दरबार हाइस्कूल हाताभित्र सिटी लाइब्रेरी सञ्चालनमा ल्याउने भएको छ । कामपाले नवनिर्मित हाइस्कूलमा पुस्तकालय सञ्चालनमा ल्याउनका लागि आवश्यक तयारी गरिरहेको छ । त्यसका लागि कामपाले चालु आर्थिक वर्षमा रु ५० लाख बजेट विनियोजन गरेको छ ।

उक्त पुस्तकालय सबै किसिमका पुस्तकको व्यवस्थापन गरिएको आकर्षक र आधुनिक किसिमको हुने कामपा शिक्षा विभागका प्रमुख नमराज ढकालले बताए । पुस्तकालयमा सदस्यता लिएका व्यक्तिले जुनसुकै स्थानमा बसेर पनि अध्ययन गर्न सक्ने छन् । योजनानुरुप नै काम भए आगामी दुई महिनामा सञ्चालनमा आउने जनाइएको छ ।

नवनिर्मित हाइस्कूलमा त्यस्तो पुस्तकालय सञ्चालनका लागि सोहीअनुरुप नै संरचना तयार गरिएको छ । सोका लागि कामपा वडा नम्बर २७ र विद्यालय व्यवस्थापन समितिसँगको सहकार्यमा काम अघि बढिसकेको छ ।

कामपा क्षेत्रमा रहेका ९१ सामुदायिक र ५४१ संस्थागत विद्यालयमा अध्ययनअध्यापन गर्ने सबै शिक्षक र विद्यार्थीका लागि पुस्तकालय बढी उपयोगी हुने विश्वास लिइएको छ ।

कोरोना कहरका कारण भौतिक रुपमा पठनपाठन गर्न गराउन नसकिएको अहिलेका समयमा अत्याधुनिक पुस्तकालयबाट ठूलो सहयोग पुग्ने कामपा -२७ का सदस्य परिवेशमान बज्राचार्यले बताए ।

सदस्यता लिएको व्यक्तिलाई पुस्तकालय व्यवस्थापनले पासवर्ड दिने र इन्टरनेटमार्फत जहाँसुकैबाट सुविधा लिन सकिनेछ ।

# 'नागरिकको स्वास्थ्यबारे सरकार जिम्मेवार छ'

**चितवन / रासस**

स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले नागरिकको स्वास्थ्यबारे सरकार जिम्मेवार रहेको बताएका छन् । योगी नरहरिनाथ प्राकृतिक चिकित्सालयको मंगलवार निरीक्षणपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले कोरोना महामारीबाट नागरिकलाई बचाउन प्राथमिकताका साथ काम भइरहेको बताए ।



उनले भने, 'महामारीबाट नागरिक बचाउन सके, विकास निर्माणपछि गरौंला । जनतालाई परेको समस्यामा तीनै तहका सरकार एकै ठाउँमा भएर सहयोगी बनेका छन् । आत्मबलले कोरोनासँग जित्न सकिन्छ ।' कोरोनाका कारण मानवीय क्षति नहोस् भन्नेतर्फ सरकार केन्द्रित रहेको मन्त्री ढकालको भनाइ थियो । सो अवसरमा भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले सबैको सल्लाहअनुसार आइशोलेसन स्थापना गरिएको बताए । नब्बे जनाको क्षमता रहेको सो आइशोलेसनमा संक्रमितको संख्या बढ्दै गए दुई सय जनासम्म राख्न सक्ने गरी व्यवस्था गरिने उनले जानकारी दिए ।

सो अवसरमा महानगरका प्रवक्ता अरुण पीडित भण्डारी, चिकित्सालयका अध्यक्ष शैलेन्द्रकुमार श्रेष्ठ, निर्देशक डा हेमराज कोइराला लगायतले बोलेका थिए । आइसोलेशनमा हालसम्म ३६१ जनाले उपचारपछि घर फर्किएका छन् भने १६ जना उपचाररत रहेका छन् ।

## विज्ञापन दर रेट सम्बन्धी सूचना

नेपाली राष्ट्रिय दैनिक टुडे एक्सप्रेसमा प्रकाशन हुने विज्ञापनमा मिति २०७७ मंसिर ५ गते देखि लागु हुने गरी दररेट निम्नअनुसार कायम गरिएको जानकारी गराइन्छ ।

| Advertisement | B/W per Column/cm | | | Color per coulmn/cm | | |
|---|---|---|---|---|---|---|
| | Inside | Back | Front | Inside | Back | Front |
| Government | 1,225/- | 1,525/- | 2,525/- | 1,325/- | 2,025/- | 2,525/- |
| Private | 1,225/- | 1,225/- | 1,825/- | 1,225/- | 1,825/- | 2,325/- |
| Classified | 500/- | - | - | 1,025/- | - | - |
| Eear Panel Front | - | - | - | 6,025/- | - | - |
| Eco. Page Ear Panel | - | - | - | 4,025/- | - | - |
| Jacket Page (Front & Second Page) | 8,12,225/- | | | | | |
| Jacket Page ( Front & Back Page) | 10,00,555/- | | | | | |

उपरोक्त दर रेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन् ।

**टुडे एक्सप्रेस राष्ट्रिय दैनिक,**
कार्यालय: जनकपुरधाम, धनुषा, फोन : ०४१-५९००९७, मो.९८१०२९०४७४
email: etodayexpress@gmail.com

# माल्दोभाबाट रुसी सेना हटाउन नवनिर्वाचित राष्ट्रपतिको माग

**एजेन्सी**

युरोपियन राष्ट्र माल्दोभाबाट रुसी सेना फिर्ता गर्न राष्ट्रपति निर्वाचित माया स्यान्डुले माग गरेका छन्। राष्ट्रपतिमा निर्वाचित भएपछि पहिलो पटक पत्रकार सम्मेलनमा बोल्दै स्यान्डुले युक्रेनसँगको सिमामा तैनाथ रुसी सेना फर्काउनुपर्ने बताएका हुन्। रुसले भने स्यान्डुको माग अस्विकार गर्दै यसले क्षेत्रीय शान्ति र स्थिरता खल्बलिने चेतावनी दिएको छ। कुनैपनि हालतमा सेना नफर्काउने क्रेमलिनको अडान छ।

पृथक्तावादीहरूको सक्रियता रहेको युक्रेन र माल्दोभाको सीमा क्षेत्रमा रुसले शान्ति सेनाको नाममा 'अपरेशनल ग्रुप अफ रसीयन फोर्स' (ओजीआरएफ) तैनाथ गरिरहेको छ।

नवनिर्वाचित राष्ट्रपति स्यान्डु भने रुसी सेना फिर्ता गरी यो क्षेत्रमा युरोपेली युनियनको शान्ति सेना खटाउने पक्षमा छन्। उनको यो मागसँगै पूर्व सोभियत क्षेत्रमा रुससँग सम्बन्ध चिसिने देखिएको छ। ४८ वर्षिय स्यान्डु रुस विरोधी मानिन्छन्।

विश्व बैंकका पूर्व अर्थशास्त्री स्यान्डुले एक महिना अगाडि भएको निर्वाचनमा रुसी समर्थक वर्तमान राष्ट्रपति इगोर दोदोनलाई हराएको थियो।

माल्दोभा सार्वभौमसम्पन्न स्वतन्त्र मुलुक भएकोले आफ्नो भूमिमा विदेशी सेना तैनाथ गर्न नदिने उनको जिकिर छ।



## नेपालका ए डिभिजन फुटबल क्लब

# एएफसीका प्रतियोगिता खेल्न अयोग्य

**काठमाडौं / रासस**

नेपालका ए डिभिजन फुटबल क्लब एशियाली फुटबल महासङ्घ (एएफसी)का प्रतियोगिता खेल्न अयोग्य भएका छन्। एएफसी क्लब प्रतियोगिताका लागि न्यूनतम मापदण्डसमेत पूरा गर्न नसकेका कारण नेपाली क्लबले एशियाली फुटबल महासंघको आधिकारिक प्रतियोगिता खेल्न नपाउने भएका हुन्।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले नेपाली क्लबलाई लाइसेन्स दिनका लागि एएफसीलाई अनुरोध गरेको थियो। एएफसीले मापदण्ड नपुगेको भन्दै नेपाली क्लबलाई एएफसी क्लब लाइसेन्स दिन अस्वीकार गरेको एन्फाले जनाएको छ। एएफसीका प्रतियोगिता खेल्न एएफसी क्लब लाइसेन्स अनिवार्य मानिन्छ। सन् २०२१ का लागि नेपालका १३ ए डिभिजन क्लबले निवेदन दिएका थिए। एएफसीले नेपाली क्लबमध्ये त्रिभुवन आर्मी क्लबको निवेदनबारे सकारात्मक प्रतिक्रिया दिएको एन्फाले जनाएको छ। लाइसेन्सका लागि एन्फाले पुनः एएफसीसँग अनुरोध गर्ने भएको छ। नेपालका शीर्ष डिभिजनका १३ क्लबले लाइसेन्सका लागि आवेदन दिएका थिए। गत सिजन बी डिभिजन लिगमा घटुवा भएको सरस्वती युथ क्लबले भने क्लब लाइसेन्स आवदेन प्रक्रियामा थिएन। क्लब लाइसेन्सका लागि क्लबको आफ्नै खेल मैदान, युवा टोली, एकेडेमी, खेलाडी बसोबासको व्यवस्था, प्रशिक्षण गर्ने स्थान, खेलाडी, प्रशिक्षक र पदाधिकारी हुनुपर्नेलगायत मापदण्डको व्यवस्था गरिएको छ।

लाइसेन्सका लागि मच्छिन्द्र फुटबल क्लब, त्रिभुवन आर्मी क्लब, मनाङ मर्स्याङ्दी क्लब, थ्रीस्टार क्लब, नेपाल पुलिस क्लब, जावलाखेल युथ क्लब, सङ्कटा क्लब, न्यूरोड टिम एनआरटी क्लब, च्यासल युथ क्लब, हिमालयन शेर्पा क्लब, फ्रेन्डस् क्लब, एपीएफ क्लब र ब्रिगेड ब्वाइज क्लबले निवेदन दिएका थिए।

# वैज्ञानिक फाखीजादेहको हत्यामा अत्याधुनिक हतियार प्रयोग

**एजेन्सी**

इरानले आफ्ना आणविक वैज्ञानिकको अत्याधुनिक हतियार प्रयोग गरेर हत्या भएको आरोप लगाएको छ। इजरायलले विद्युतीय उपकरणको प्रयोग गरेर आफ्ना वैज्ञानिक मोहसेन फाखीजादेहको हत्या गरेको इरानका वरिष्ठ सुरक्षा अधिकारीहरूको आरोप छ।

इरानको राष्ट्रिय सुरक्षा परिषदका सचिव अलि शामखानीले लामो समयको योजनाअनुसार विद्युतीय उपकरणको माध्यमबाट हत्या गरिएको दावी गरेका छन्।

फाखीजादेहको अन्त्येष्टि समारोहमा सहभागी शामखानीले इजरायलले २० वर्षदेखि आफ्ना वैज्ञानिकलाई मार्न चाहेको आरोपसमेत लगाएका छन्।



गत शुक्रबार इरानको राजधानी तेहरान नजिकै विस्फोट र गोली हानाहानपछि शीर्ष परमाणु र सैन्य वैज्ञानिक फाखरीजाहेदको हत्या भएको थियो। घटनालगत्तै आत्मघाती बम विस्फोटबाट उनको हत्या भएको बताइएपनि त्यसमा सत्यता नभएको इरानको दावी छ। इरानले घटनास्थलमा फेला परेका हतियारहरू इजरायलमा निर्माण भएकोसमेत बताएको छ।

# ब्राजिलमा कोरोनाबाट १ लाख ७३ हजारको मृत्यु

**ब्रासिलिया / रासस-एएनआई**

दक्षिणी अमेरिकी मुलुक ब्राजिलमा कोरोनाभाइरसको संक्रमणबाट एक लाख ७३ हजार १२० जनाको मृत्यु भएको छ। ब्राजिलको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो चौबीस घण्टामा २१ हजार १३८ जना संक्रमित भएका र २८७ जनाको मृत्यु भएको छ।

ब्राजिलमा हालसम्म ६३ लाख ३५ हजारभन्दा बढी व्यक्ति संक्रमित भइसकेका छन्। कोरोनाभाइरसबाट विश्वमै ब्राजिल दोस्रो सर्वाधिक असर परेको मुलुक हो। मृत्यु संख्याका दृष्टिबाट संयुक्तराज्य अमेरिकामा हालसम्म सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ।

विश्व स्वास्थ्य संगठनले सोमबारसम्ममा विश्वभर १४ लाख ७४ हजारको मृत्यु भइसकेको जनाएको छ। कोरोना संक्रमितको संख्या विश्वभर ६ करोड ३६ लाख पुगिसकेको छ भने ४ करोड ३९ लाख व्यक्ति संक्रमणमुक्त भएका छन्।



प्राप्त समाचार अनुसार अझै पनि विश्वभर एक लाखको हाराहारीका व्यक्ति गम्भीर स्वास्थ्य समस्यामा छन्। संयुक्तराज्य अमेरिकामा गएको २४ घण्टामा मात्र एक हजार २३८ जनाको मृत्यु भएको थियो। यो सहित अमेरिकामा मृत्यु हुनेको कूल संख्या २ लाख ७४ हजार नाघेको छ।

# किमले चिनियाँ खोप लगाएको दाबी



**वासिङ्टन / रासस-योनहाप**

उत्तर कोरियाली नेता किम जोङ-अनले चीनले निर्माण गरेको कोरोना विरुद्धको खोप लगाएको एक अमेरिकी सुरक्षा विशेषज्ञले दाबी गरेका छन्।

जापानी जासुसी स्रोतलाई उद्धृत गर्दै ती विज्ञले किमलाई हालै उक्त खोप दिइएको बताएका हुन्। ह्यारी काजियानियासले लेख्नु भएको एक लेखमा उत्तर कोरियाली नेता किम, वरिष्ट सरकारी अधिकारीहरू र उनका परिवारका सदस्यहरूले एक दुई साताभित्रै चीनमा निर्माण गरिएको खोप लगाएको बताए।

काजियानियास हाल वासिङ्टनस्थित सेन्टर फर नेसनल इन्ट्रेस्ट संस्थाको कोरिया अध्ययन केन्द्रका वरिष्ट निर्देशक हुन्। लेखमा उनले दुई जना अपरिचित जापानी गोप्य स्रोत उल्लेख गरे। तर चीनमा परीक्षणकै क्रममा रहेका केही खोपमध्ये कुन खोप किम र उनका परिवारका सदस्यले लगाएका हुन् भन्ने खुलाइएको छैन।

चीनमा हाल तीनदेखि चार किसिमका खोप परीक्षणका क्रममा रहेका छन्। तीमध्ये एउटा खोप चीनभित्रै करिब १० लाख व्यक्तिलाई लगाइएको छ। तर खोपको नतिजा सार्वजनिक नगरिएकाले यसको प्रभावकारिता र सुरक्षाका विषयमा निर्क्यौल हुन सकेको छैन।

उत्तर कोरियामा हालसम्म कोरोनाभाइरस संक्रमणका बारेमा केही जानकारी सार्वजनिक गरिएको छैन। तर गत जनवरीदेखि नै उत्तर कोरियाली सीमामा निकै कडाई गरिएको छ।

# नेटोजस्तो सुरक्षा मुख्यालय बनाउने योजना छैन : अमेरिका

**सियोल / रासस-योनहाप**

संयुक्तराज्य अमेरिकाले एसिया प्रशान्त क्षेत्रमा नेटोजस्तै क्षेत्रीय सुरक्षा मुख्यालय स्थापना गर्ने योजना नरहेको अमेरिकी विदेश मन्त्रालयका एक अधिकारीले बताएका छन्।

पूर्वी एसिया र प्रशान्त मामिला सम्बन्धी कोरिया र जापानका लागि अमेरिकी उप सहायक विदेश मन्त्री मार्क न्यापरले योनहापलाई दिएको अन्तर्वार्तामा उक्त कुरा बताएका हुन्। अमेरिकी अग्रसरतामा रहेको अस्ट्रेलिया, भारत र जापान सम्मिलित क्वेडका सन्दर्भमा न्यापरले भने, 'अहिल्यै सैन्य मुख्यालय निर्माण गर्ने अमेरिकी योजना छैन।'

उनले भने, 'अहिल्यै नेटोकै स्वरुपमा क्षेत्रीय सुरक्षा मुख्यालय स्थापना गर्ने अमेरिकी योजना छैन, तर एकै किसिमका दृष्टिकोण



भएका मुलुकहरूबीच साझेदारी गर्ने कुरालाई अमेरिकाले स्वागत गर्नेछ।'

पछिल्ला दिनमा क्वेडलाई बहुपक्षीय सुरक्षा गठबन्धनका रुपमा विकास गर्ने योजना अघि सारिएको भन्दै चौतर्फी चासो व्यक्त भएको छ जसमा दक्षिण कोरिया समेतलाई समावेश गर्ने योजना अघि बढेको छ। यस समूहले खासगरी चिनियाँ प्रभावलाई नियन्त्रण गर्ने लक्ष राखेको छ। अमेरिकी प्रशासनले यस समूहलाई अझ विस्तार गर्न लागेको भन्ने धारणालाई अस्वीकार गरेको छ तर क्वेडलाई अझ बढी संगठित संरचनामा रुपान्तरित गर्ने सोच अमेरिकाले अघि सारेको छ।

दक्षिण कोरियासँगको सम्बन्धका बारेमा सोधिएको प्रश्नमा न्यापरले कोरोनाभाइरसका कारण अबरुद्ध भएको आपसी भ्रमण कार्यक्रम चाँडै शुरु हुने विश्वास व्यक्त गरे। उनले दुबै मुलुकबीच जनस्तरको सम्बन्धलाई थप सुदृढ बनाउन अमेरिका तयार रहेको बताए।

उत्तर कोरियाली आणविक अप्रसारका बारेमा सोधिएको एक प्रश्नमा न्यापरले उत्तर कोरियासँग वार्ता गर्न अमेरिका खुला रहेको बताए। उनले उत्तर कोरियाले आफ्नो आणविक तथा क्षेप्यास्त्र कार्यक्रम त्याग्नु पर्ने बताए।

# वेरोजगार दर तीन वर्ष यताकै उच्च

**टोकियो / रासस/सिन्ह्वा**

जापानको वेरोजगार दर अक्टोबरमा तीन वर्ष यताकै उच्च विन्दुमा पुगेको यहाँको सरकारी तथ्यांकले देखाएको छ। वेरोजगार दर वृद्धि हुनुलाई कोरोना भाइरस सङ्क्रमणजन्य महामारीसँग जोडेर हेरिएको छ। महामारीका कारण व्यवसायिक गतिविधि नराम्रोसँग प्रभावित बनेको र यसको प्रभाव रोजगार क्षेत्रमा पनि परेको जापानको ठहर छ।

जापानको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयका अनुसार जापानमा अक्टोबरमा ८० हजार व्यक्ति वेरोजगार बनेसँगै कूल वेरोजगार व्यक्तिको संख्या २१ लाख ४० हजार पुगेको छ। जापानमा सेप्टेम्बरको तुलनामा पुरुषतर्फको वेरोजगार ०.२ प्रतिशतले वृद्धि हुँदा यो संख्या ३.४ पुगेका तर महिलातर्फको वेरोजगार दर



(२.७ प्रतिशत)मा कुनै परिवर्तन नदेखिएको पनि तथ्यांकले देखाएको छ।

त्यसैगरी रोजगारी उपलब्धता दर सेप्टेम्बरमा १.०३ रहेकोमा अक्टोबरमा १.०४ मा पुगेको अर्थात् हरेक १०० व्यक्तिका लागि १०४ पद खाली रहेको र यो सन् २०१९ को अप्रिलपछि पहिलो पटक सुधार भएको बताइएको छ। कोरोनाकालमा पनि रोजगारी उपलब्धता दर बढ्नुलाई सकारात्मक सूचकका रूपमा हेरिएको छ।

जापान सरकारले महामारीका कारण आर्थिक संकटमा परेका कम्पनीलाई राहतस्वरूप करमा विभिन्न छुटको योजना अघि सारेको छ। अर्थशास्त्रीहरूका अनुसार जापानले श्रम बजारलाई जटिल संकटबाट बचाएको छ। राहत कार्यक्रम आगामी फेब्रुअरीसम्मका लागि तय गरिएकोमा यसलाई बढाएर मार्चसम्म पुऱ्याइएको छ।

# क्रोएसियाका प्रधानमन्त्रीलाई पनि कोरोना

**बेल्ग्रेड / रासस/एएनआई**

क्रोएसियाका प्रधानमन्त्री आन्द्रेज प्लेन्कोभिक कोरोनाभाइरसबाट संक्रमित भएका छन्। गत शनिबार उनकी श्रीमतीलाई कोरोना भाइरसको संक्रमण पुष्टि भएपछि प्रधानमन्त्रीको पनि परीक्षण गरिएको थियो।

उहाँलाई पनि संक्रमण पुष्टि भएपछि अहिले उनी दश दिनका लागि सेल्फ आइसोलेसनमा बसेको अधिकारीहरूले जानकारी दिए। उनलाई पहिलो पटक



परीक्षण गर्दा नेगेटिभ नै देखिएको थियो।

तर स्वास्थ्यकर्मीहरूले फेरि परीक्षण गर्न सुझाव दिएपछि परीक्षण गर्दा पोजेटिभ देखिएको अधिकारीहरूले जनाएका छन्। अहिले उनको स्वास्थ्य अवस्था सामान्य नै रहेको जनाइएको छ। उनले घरबाटै आफ्ना कामहरू गरिरहनुभएको पनि अधिकारीहरूले बताएका छन्।

उनले आइसोलेसनमा बसेर कोरोनासम्वन्धी आधारभूत स्वास्थ्य सतर्कताहरू पालना गरेको उनका सहयोगीहरूले जानकारी दिए।

# युरिया मल आएपछि पर्साका किसान हर्षित

**वीरगञ्ज** / रासस



रासायनिक मल युरियाविना धान रोपेका पर्साका किसान गहुँ याममा सो मल पाएपछि हर्षित भएका छन्। साउनदेखि युरिया मलको अभाव हुँदा गहुँ खेती प्रभावित भएपछि यहाँका किसान निराश भए पनि केही दिनयता युरिया मल आउन थालेपछि यहाँका किसानलाई गहुँ खेती गर्न सहज भएको छ।

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेडले केही दिनयता युरिया मल ल्याउन थालेको छ। नेपालका लागि तेस्रो मुलुकबाट ३० हजार मेट्रिक टन युरिया ल्याउनुपर्नेमा हालसम्म एक हजार मेट्रिक टन युरिया तथा चार हजार ६०० मेट्रिक टन पोटास वीरगञ्ज कार्यालयमा आइसकेको प्रादेशिक प्रबन्धक गोरखनाथ केसीले राससलाई बताए। तीमध्ये पर्साका लागि १२ हजार ५०० मेट्रिक टन युरिया चाहिन्छन्।

स्विस सिङ्गापुर सप्लायर्सले कोलकाता बन्दरगाह हुँदै रेलमार्गमार्फत वीरगञ्जस्थित सुक्खा बन्दरगाहमा सो रासायनिक मल ल्याउने गरेको छ। मङ्सिर महिनाभित्र सबै ३० हजार मेट्रिक टन युरिया मल आइपुग्ने सो कार्यालयले जनाएको छ। गहुँ धान, मकैलगायत बर्खेबालीका लागि आवश्यक पर्ने भएकाले अब सो मल आउन थालेपछि यो अभाव समाप्त भएको बताइएको छ।

लामो समयदेखि युरिया मलको अभाव खेपिरहेका जिल्लाका किसानले युरिया मल पाउन थालेपछि धमाधम गहुँ खेती शुरु गरेको किसान विजय पण्डितको भनाइ छ। सो कार्यालयले धान खेतीलाई लक्ष्य गरी जिल्लामा असार महिनासम्म युरिया मल बिक्री गरेको थियो तर मल सकिएकाले सोको अभावमा धान खेती प्रभावित हुन गएको थियो।

यसअघि सो कार्यालयले जिल्लाका १४ स्थानीय तहमा युरिया मल बिक्री गर्ने पुराना सहकारी संस्थाले मल बिक्री गर्दा अनियमितता गर्ने गरेकाले तिनलाई खारेज गरी अबउप्रान्त स्थानीय तहले सिफारिस गरेको सहकारी संस्थालाई मात्र मल बिक्रीवितरण गर्ने अधिकार दिइएको छ। एउटा डिलरलाई ४० बोरा युरिया, ४० बोरा पोटास र ८० बोरा डिएपी बिक्रीका लागि दिने गरिएको छ। ती संस्थाले स्थानीय तहले निर्धारण गरेको मूल्यमा मात्र रासायनिक मल बिक्री गर्न पाउनेछन्।

सरकारी स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जले १४ स्थानीय तहमा आफ्ना डिलरमार्फत आर्थिक वर्ष २०७६/७७ मा रु ३६ करोड ९३ लाख सात हजार ८६० मूल्य बराबरको करीब १४ हजार ८५९ दशमलब ४५ मेट्रिक टन रासायनिक मल बिक्री गरेको छ।

छापावाल सुन प्रति तोला रु.९०,५००/-
तेजावी सुन प्रति तोला रु.९०,०५०/-
चाँदी प्रति तोला रु.१,१५५/-

# नेपाल-भारत उडान सञ्चालन गर्ने तयारी

- अन्तर्राष्ट्रिय उडान घट्यो
- आन्तरिकमा उत्साहवर्द्धक उडान

**सिबी अधिकारी** / काठमाडौं



कोभिड-१९ महामारीका कारण उडान प्रतिबन्ध गरिएको नेपाल-भारत उडान यथाशीघ्र सञ्चालनमा आउने भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अर्को साताबाट दिल्ली-काठमाडौं उडानका लागि अनुमति दिने तयारी गरेको हो।

मन्त्रालयका सहचिव बुद्धिसागर लामिछानेले नेपाल-भारत उडानको टुङ्गो लागेको र अबको सातदेखि दश दिनभित्रमा उडान शुरु हुने जानकारी दिए। उनले भने, 'उडान खुल्ने टुङ्गो लाग्यो, कहिलेदेखि गर्ने भन्नेबारे मन्त्रालयले भारतको नागरिक उड्डयन मन्त्रालयलाई कूटनीतिक माध्यमबाट उसले पठाएको एयर बबल अवधारणाको सकारात्मक 'रेस्पन्स' पठाउँछौं, त्यसपछि दुबै देशका एयरलाइन्सलाई उडान तयारीका लागि आग्रह गर्छौं, यो सब गरी बढीमा दश दिनजति समय लाग्छ उडान शुरु हुन।' सहसचिव लामिछानेका अनुसार शुरुआती चरणमा काठमाडौं-दिल्ली दुई उडान मात्रै हुनेछन्। एउटा नेपाली वायुसेवा कम्पनीको र अर्को भारतीय एयरलाइन्सले उडान गर्नेछन्। पछि दुबै देशले आवश्यकताको आधारमा उडान अभिवृद्धि गर्न सकिनेछ।

कोभिड महामारी नियन्त्रणका लागि गत चैत ११ देखि देशभर लागू गरिएको बन्दाबन्दी र त्यसपछिको निषेधाज्ञाका कारण करिब ६ महिनापछि गत भदौं १६ देखि नियमित अन्तर्राष्ट्रिय उडान शुरु भएको थियो। छिमेकी मुलुक भारतमा भने कोरोना संक्रमणदर उच्च रहेकाले भारतका तीनवटै गन्तव्य नयाँ दिल्ली, मुम्बई र बैङ्लोरको उडान प्रतिबन्ध थियो। गत मङ्सिर १० को मन्त्रिपरिषद् बैठकले भारतले प्रस्ताव गरेको 'एयर बबल मोडल' लाई स्वीकार गर्ने निर्णय गरेको थियो।

अरु देशको हकमा भने मन्त्रालयले आवश्यकताका आधारमा उडान सञ्चालन अनुमति दिनसक्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ। नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले भारतीय उड्डयन निकायसँग उडानसम्बन्धी मापदण्ड बनाएपछि उडान हुने जनाइएको छ।

प्राधिकरणका अनुसार अहिले नेपालबाट भारतसहित बङ्गलादेश, भुटान र थाइल्याण्डमा उडान रोकिएको छ। अन्य गन्तव्यमा उडान भइरहेको छ। नेपालका तीनसहित २९ वायुसेवा प्रदायक कम्पनीले विभिन्न १६ मुलुकका गन्तव्यमा अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन्। भदौ १६ देखि नियमित रुपमा शुरु भएको अन्तर्राष्ट्रिय उडान शुरुताका दैनिक २० देखि २५ वटासम्म उडान भएपनि अहिले मुश्किलले करिब २० वटा मात्र उडान हुने गरेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ। विमानस्थलका प्रवक्ता देवचन्द्रलाल कर्णले पछिल्ला दिनमा अन्तर्राष्ट्रिय उडान बढ्नुको साटो क्रमशः घट्दै गएको बताए। उनका अनुसार अहिले अन्तर्राष्ट्रियतर्फ दैनिक २० वटासम्म मात्रै उडान हुने गरेको छ। यो आगमन र प्रस्थान दुबै गरेर हो। यो संख्यामा पनि अहिले केही घटेको छ। भदौको दोस्रो साताबाट खुलेको नियमित अन्तर्राष्ट्रिय उडानमा खाडी मुलुकबाट एयरलाइन्सले दैनिक दुई वटा उडान गर्ने गरेकामा अहिले दैनिक एउटा उडान गर्छन्।

यता नेपालबाट जापानको नारिताको उडान पनि अहिले अवरुद्ध भएको छ। हङ्कङको पटक-पटक अवरुद्ध भएको उडान अहिले सञ्चालनमा छ। नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को व्यावसायिक हिसाबले राम्रो गन्तव्य रहेको हङ्कङमा केही यात्रुको पिसिआर रिपोर्ट त्यहाँको परीक्षणमा पुनः पोजेटिभ देखिए पनि नेपाल एयरलाइन्सलाई तीन पटकसम्म उडान रोकेको थियो। त्यस्तै पछिल्लो पटक जापानमा पनि केही यात्रुमा पिसिआर परीक्षणको नतिजा पोजेटिभ देखिएपछि जापानको उडान नियामक निकायले नेपाल एयरलाइन्सलाई सचेतपत्र पठाएको थियो।

अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने आन्तरिक उडान भने उत्साहवर्द्धक रहेको विमानस्थल कार्यालयले जनाएको छ। अहिले ८५ देखि ९० प्रतिशत उडान अकुपेन्सी रहेको छ। ठूला एयरलाइन्स बुद्ध, यती र श्री एयरलाइन्सको उडान अकुपेन्सी झण्डै ९० प्रतिशत रहेको सम्बन्धित कम्पनीले जनाएका छन्। बुद्धले मात्र अहिले दैनिक चार हजार ८०० सम्म यात्रु बोक्ने गरेको छ। जबकी बुद्धले सामान्य अवस्थामा दैनिक पाँच हजार ५५५ देखि ६ हजारसम्म यात्रु बोक्ने गरेको थियो।

उक्त कम्पनीले अहिले दैनिक दुईतर्फी ८२ उडान गरिरहेको छ। यती एयरलाइन्स र श्री एयरलाइन्सको गन्तव्य अनुसार उडान अकुपेन्सी राम्रो रहेको जनाइएको छ। आन्तरिकतर्फ १० हेलिकोप्टरसहित १९ वायुसेवा प्रदायक कम्पनीले उडान भर्दै आएका छन्। *रासस*

# त्रिविमा बेरुजु नराख्न निर्देशन

**काठमाडौं** / रासस

विश्वविद्यालयका उपकुलपति प्रा डा धर्मकान्त बाँस्कोटाले त्रिविमा आर्थिक अनुशासन कायम गर्दै बेरुजु न्यूनीकरण गर्न कुनै कसुर बाँकी नराख्न सम्बन्धित विभागलाई निर्देशन दिएका छन्।

उनले आन्तरिक लेखा परीक्षणमा एकरुपता कायम गरी लेखा परीक्षणमा सम्लग्न कर्मचारीलाई बेरुजु फछ्यौंटमा समन्वयको भूमिका निर्वाह गर्न आग्रह गरे। उनले भने, 'हामी शासक होइनौं सेवक हौं भन्ने भावनाका साथ सहजीकरण सम्बन्धित महाशाखाले बेरुजुलाई क्रमशः शून्य अवस्थामा ल्याउन आवश्यक छ।'

विश्वविद्यालय रजिष्ट्रारको कार्यालयद्वारा आयोजित आन्तरिक लेखा परीक्षण, बेरुजु फछ्यौंट र सम्परीक्षणसम्बन्धी दुई दिने तालीमको उद्घाटनका अवसरमा उपकुलपति डा बाँस्कोटाले उक्त निर्देशन दिए। शिक्षाध्यक्ष प्रा डा शिवलाल भुसालले बेरुजु फछ्यौंट कार्यलाई वार्षिक रुपमा समीक्षा आर्थिक अनुशासन कायम गर्नंपर्ने बताए। उनले समग्र विश्वविद्यालयको आर्थिक क्रियाकलापलाई प्रविधिमा रुपान्तरण (सफ्टवेयर निर्माण) गरेर बेरुजु न्यूनीकरण गर्नंपर्ने आवश्यकतामा जोड दिए। तालीममा आन्तरिक लेखा परीक्षणलाई व्यवस्थित गर्ने, समग्र बेरुजुको अवस्थाका बारेमा सिंहावलोकन गरी बेरुजु फछ्यौंटलाई प्रभावकारी कार्यान्वयन गर्ने र सम्परीक्षण कार्यलाई थप व्यवस्थित पार्ने विषयमा छलफल हुनेछ। विश्वविद्यालयका रजिष्ट्रार प्रा डा पेशल दाहालले विश्वविद्यालयमा आर्थिक पारदर्शिता र अनुशासनको अवस्था विकराल रहेकाले विद्यमान नियम/कानूनसँग बाजिएका सम्पूर्ण आर्थिक गतिविधिलाई कारवाहीको दायरामा ल्याइने बताए।

# पहेंलो धातुको मूल्य वृद्धि

**काठमाडौं** / रासस

स्थानीय बजारमा मंगलवार पहेँलो धातुको मूल्य प्रतितोला रु ५०० ले वृद्धि भयो। सोमबार प्रतितोला रु ९० हजारमा कारोवार भएको छापावाला सुन मंगलवार रु ५०० ले वृद्धि भई रु ९० हजार ५०० पुग्यो।

त्यसैगरी सोमबार प्रतितोला रु ८९ हजार ५५० मा कारोवार भएको तेजाबी सुनको मूल्य मंगलवार भने रु ९० हजार ५० तोकिएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ। तेजाबी सुन पनि प्रतितोला रु ५०० ले वृद्धि भएको हो।

यस्तै चाँदी प्रतितोला रु एक हजार १५५ मा कारोवार भएको छ। सोमबार प्रतितोला रु एक हजार १२० मा कारोवार भएको चाँदी मंगलवार भने तोलामा रु ३५ ले वृद्धि भएको थियो।

# दुई प्रतिशत ब्याजदरमा ५० करोड कर्जा !

**टुडे एक्सप्रेस** / काठमाडौं



सरकारले नवप्रवर्तनात्मक व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले २ प्रतिशत ब्याजदरमा ५० करोड रुपैयाँको बराबरको कर्जा प्रवाह गर्ने तयारी गरेको छ।

राष्ट्रिय योजना आयोगले गत वर्ष स्टार्टअपहरूलाई अनुदान दिन बनाएको कार्यविधिलाई अहिले कर्जामा रूपान्तरण गर्ने गरी मन्त्रिपरिषद्ले कर्जा कार्यविधि पारित गरेसँगै यसका लागि बाटो खुलेको हो। अर्थ मन्त्रालयले चार महिनाअघि मन्त्रिपरिषद् कार्यालयमा आयोगबाट प्राप्त प्रस्ताव पठाएको र मन्त्रिपरिषद्ले 'नव प्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि' स्वीकृत गरेको छ।

चालू आवको बजेटमा सरकारले नवप्रवर्तनात्मक कार्यक्रममा लगानी गर्न चाहनेका लागि २ प्रतिशत ब्याजमा ५० करोड रुपैयाँको कोष स्थापना गर्ने घोषणा गरेको थियो। मन्त्रालयका अनुसार वार्षिक कार्यक्रमअनुसार नै कार्यविधि ल्याइएको हो। कार्यविधिअनुसार कर्जाका लागि आवेदन माग गरिएकोमा ६ सय ९९ जनाले प्रस्ताव बुझाइसकेका छन्।

कार्यविधि पारित नभएकाले उनीहरूले कर्जा पाएका थिएनन्। मन्त्रिपरिषद्ले कार्यविधि स्वीकृत गरेसँगै कर्जा प्रवाहका लागि बाटो खुलेको छ। नयाँ कार्यविधिअनुसार नवप्रवर्तनसम्बन्धी कर्जा माग गर्दा न्यूनतम १० लाखदेखि अधिकतम १ करोडसम्मको कार्यका लागि लागतको बढीमा ५० प्रतिशत रकम माग गर्न सकिने व्यवस्था गरिएको छ।

एक व्यक्ति वा फर्मले एउटा मात्र कार्यका लागि प्रस्ताव पेश गर्न पाउनेछ।

# खाद्य ऐन नमान्नेमा पानी उद्योग पहिलो नम्बरमा

**काठमाडौं** / रासस




खाद्य ऐन नमान्ने व्यवसायमध्ये पहिलो नम्बरमा प्रशोधित पिउने पानी उद्योग रहेको छ। यसरी खाद्य ऐन उल्लंघन गर्ने पानी उद्योगलगायत मापदण्डानुसार सञ्चालन नभएका व्यवसायलाई कानूनी कारवाही गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनाएको छ।

साउनदेखि कात्तिकसम्मको पहिलो चौमासिकमा खाद्यसम्बन्धीका एक हजार १८९ नमूना सङ्कलन गरिएकामा ७० नमूना मापदण्डानुसार नभएको पाइएको विगभका प्रवक्ता मोहनकृष्ण महर्जनले जानकारी दिए। त्यसमध्ये सबैभन्दा बढी प्रशोधित पिउने पानीका २१, दानाका १६, तेल तथा घ्यूजन्य नमूना १४, खाद्यान्न १० लगायतका अन्य खाद्य पदार्थका नमूना रहेको उनले बताए।

यस्तै खाद्य स्वच्छता सर्भिलेन्सका लागि ८७६ नमूना सङ्कलन गरिएको छ। सो अवधिमा न्यूनस्तर तथा दूषित उत्पादन तथा बिक्री वितरण गरेको कसूरमा २६ उद्योगविरुद्ध मुद्दा चलाइएको छ। त्यसमध्ये पनि सबैभन्दा बढी पिउनेपानीका पाँच उद्योग परेका छन्। खानेतेलका तीन, बेकरी तीन, दाना, चाउचाउ, मिठाइका दुई/दुई लगायत घ्यू, दही, चामल, सस, काजु किसमिस, खाद्य रङ, बियर, मटरफ्राइजस्ता खाद्य पदार्थ उत्पादन गर्ने उद्योग तथा व्यवसाय रहेका छन्।

उक्त मुद्दामध्ये आठ मुद्दा न्यून गुणस्तरका, सात मुद्दा दूषितका, सात मुद्दा लेबललगायतका विवरण नमिलेका तथा बाँकी चार मुद्दा खाद्य ऐन नियम निर्देशिका उल्लङ्घन सम्बन्धी छन्। पहिलो चौमासिकमा मुलुकभर खाद्य र दाना उद्योग, होटल रेष्टुरेण्ट, राजमार्गका होटललगायत एक हजार ८७३ पटक निरीक्षण अनुगमन भएको छ।

उक्त अवसरमा १५३ उजुरी कारवाही गरिएको छ। विभाग तथा मातहतका कार्यालयबाट भएको निरीक्षण अनुगमनमा खाद्य ऐन, २०२३, खाद्य नियमावली, २०२७ तथा निर्देशिकाबमोजिम उत्पादन नगर्ने ३४ उद्योग एवं खाद्य व्यवसायलाई उत्पादन रोक्का एवं सिलबन्दीका साथै नमूना सङ्कलन गरी कारवाही अघि बढाइएको छ। त्यसमा पनि सबैभन्दा बढी प्रशोधित पिउने पानीका उद्योग तथा व्यवसाय नै रहेका छन्।

प्राप्त विवरण अनुसार पानीका १५ उद्योग, खाद्यान्न तथा दलहनका आठ, दूध तथा दुग्ध पदार्थका छ, तेल तथा घ्यूजन्यका तीन र अन्य तीन खाद्य व्यावसाय रहेका प्रवक्ता महर्जनले बताए।

यसअवधिमा १५६ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी गरिएको, ६३० उद्योग अनुज्ञापत्र नवीकरण तथा ६४२ नयाँ उद्योग स्थापना गर्न सिफारिस गरिएको विभागले जनाएको छ। आव २०७७र७८ को पहिलो चौमासिक अवधिमा जम्मा नौ हजार ५५ आयात अनुमति जारी गरिएको छ।

विभिन्न १२ नाकामा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयमा २५ हजार १५४ वटा नमूना प्राप्त भई सोको जाँच विश्लेषण गरी नियमन गरिएको जनाइएको छ। त्यसमध्ये पापड, चामल, बदाम, मसला, मैदा, वेसनलगायतका २५ वटा नमूना प्रतिकूल पाइएपछि आयात रोक्का गरिएको विभागले जानकारी दिएको छ।

विभागले उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न खाद्य ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्दै खाद्य प्रविधिको विकास तथा खाद्यमा आधारित पोषणको सुधारका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम गर्दै आएको छ।

खाद्य पदार्थको विश्लेषण, परीक्षणका लागि विश्वसनीय प्रयोगशाला सेवा प्रदान गर्ने कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयबाट हुँदै आएको जनाइएको छ। काठमाडौंलगायत मुलुकका ४३ कार्यालयबाट उक्त सेवा र अनुगमन हुँदै आएको छ।

# 'काँडा जति आफूलाई...'

**काठमाडौं / रासस**

गायक तथा सङ्गीतकार कृष्णभक्त राई नयाँ गीत लिएर श्रोतामाझ आएका छन्। गीतकार डा. दुबसु क्षेत्रीको रचना रहेको 'काँडा जति आफूलाई फूल अरु कसैको, दोष सधैँ आफूलाई भूल अरु कसैको' बोलको गीतमा राई स्वयंको सङ्गीत तथा स्वर छ।

गीतको भिडियो गायक राईको आधिकारिक युट्युब च्यानलबाट सार्वजनिक भएको छ। डा. दुबसु क्षेत्री राष्ट्रिय विकास प्रतिष्ठानका लागि श्रीमती पुनम क्षेत्रीद्वारा प्रस्तुत म्युजिक भिडियोको छायाङ्कन तथा निर्देशन गायक तथा सङ्गीतकार राईका जेठा छोरा अकिलको रहेको छ भने कान्छा छोरा मनसुनले स्वस्तिका लिम्बूका साथ मोडलिङ गरेका छन्।

भिडियोमा युवा उमेरमा हुने प्रेमको उतारचढावको कथा बुनिएको छ। गीत स्टुडियो किङमा रेकर्डिङ गरिएको हो।



# निर्यात क्षेत्रलाई प्रोत्साहन गर्न जरुरी : शेखर गोल्छा



**टुडे एक्सप्रेस / काठमाडौं**

नेपाल उद्योग वाणिज्य महासंघ नवनिर्वाचित अध्यक्ष शेखर गोल्छाले निर्यात क्षेत्रलाई प्रोत्साहन गर्न जरुरी भएको बताएका छन्। निर्यात व्यवसायी महासंघले नेपाल उद्योग वाणिज्य महासंघका नवनिर्वाचित पदाधिकारीहरूलाई बधाई एवं शुभकामना प्रदान गर्न मंगलबार आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष गोल्छाले यस्तो धारणा राखेका हुन्।

'अहिले अर्थतन्त्रको इन्जिनको रुपमा रेमिट्यान्स मात्र रहेको छ', उनले भने, 'कुनै पनि बेला रेमिट्यान्समा कमी आउँदा देशको अर्थतन्त्र नै भत्किने सम्भावना छ। त्यसैले अर्को इन्जिनको रुपमा निर्यात क्षेत्रलाई प्रोत्साहन गरिनु जरुरी भएको छ।' उनले निर्यात क्षेत्रलाई प्रोत्साहन गर्न निर्यातजन्य उद्योग व्यवसायको कस्ट अफ फण्ड घटाउने विषयमा सरकारसँग महासंघले पहल गर्ने बताए। निर्यात व्यवसायमा सरकारबाट इन्सेन्टिभ कम भएकाले पनि निर्यात प्रवर्द्धनमा समस्या देखिएको उनको भनाई थियो।

कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले निर्यातलाई प्रवर्द्धन गर्न नसक्नुको कारण नीतिगत व्यवस्थामा भएको कमजोरी नै रहेको बताए। 'अहिले भन्दा ३० वर्ष पहिला नेपालको निर्यातको अवस्था आयातको तुलनामा धेरै नै राम्रो थियो', उनले भने, 'अहिले क्रमशः घट्दै गएकोले पनि समस्या देखिएको छ। त्यसैले महासंघले निर्यात पवर्द्धनका लागि नीतिगत सुधार गर्न सरकार समक्ष सक्रिय रुपमा माग राख्छ।'

# प्रतिष्ठानका लागि मणिपालको जग्गा अधिग्रहण गरिने




**टुडे एक्सप्रेस / जनकपुरधाम**

जनकपुरधाम मुजेलियास्थित दुई दशकदेखि निर्माणाधिन रहेको मणिपाल शिक्षण अस्पताल अधिग्रहण गर्ने मुख्यमन्त्री लालबाबु राउतले बताएका छन्। अस्पतालले सम्झौता गरे अनुसार काम अगाडी बढाउन नसकेको भन्दै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको लागि अस्पतालले ओगटेको जग्गा अधिग्रहण गरिने बताएका हुन्।

प्रादेशिक अस्पताल जनकपुरले आयोजना गरेको स्मारिका विमोचन एवं विभिन्न वार्डको समुदघाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले प्रादेशिक अस्पताललाई आधार बनाएर गठन हुन लागेको प्रतिष्ठानको लागि मणिपालको जग्गा उपयुक्त रहेको बताए। सबै सरोकार बला निकायसंग छलफल गरेर जग्गा अधिग्रहण प्रक्रिया छिट्टै अगाडी बढाइने उनको भनाई छ।

'गुठी संस्थाले अस्पताल बनाउने सर्तमा दिएको जग्गा यतिकै ओगटेर काम अगाडी बढाएको छैन,' राउतले भने, 'लिन खारेज गरी बन्न लागेको प्रतिष्ठानसंग पुनः सम्झौता गरी प्रयोगमा ल्याउनु पर्छ।'

विगतको दिनमा मधेशको अस्पतालमा न्युन बजेट आउने गरेको सुनाउँदै अहिले त्यसमा बृद्धि भएको बताए। संघीयताको उपलब्धि बारे उल्लेख गर्दै मेशमा शिक्षा, स्वास्थ्यमा पनि व्यपक सुधार भएको उनले अनुभव सुनाए। अस्पतालको समस्या बारे बोल्दै केही समयपछि चिकित्सक र कर्मचारी अभाव नहुने तर्फ प्रदेश सरकार अगाडी बढेको उनले जानकारी दिए।

प्रतिष्ठान बन्नु भन्दा अगाडी सबै समस्या समाधान हुने प्रतिबद्धता जनाउँदै केही समयपछि प्रदेश लोकसेवा आयाुगले कर्मचारी भर्ना सुरु गर्ने बताए। चिकित्सकको नोकरी सेवा मुल्क भएपनि मुलुकको सिस्टमका कारण नाफा मुलक बन्न पुगेको उनले औल्याए। सरकारले आवश्यक पारिश्रमिक नदिँदा चिकित्सक नाफामुल्क व्यपार गर्ने गरेको उनको भनाई छ।

अस्पतालका निमित मेडिकल सुपरिटेन्डेन्ट डा. नागेन्द्र प्रसाद यादवको अध्यक्षतामा भएको उक्त कार्यक्रममा समाजिक विकास मन्त्री नवलकिशोर साह, जनकपुरधाम उपमहानगरका प्रमुख लालकिशोर, अस्पताल विकास समितिका अध्यक्ष संजय सिंह, पूर्व मेसु एवं सभासद डा. विजय कुमार सिंह सहितका वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए।


## स्मारिका प्रकाशन

प्रादेशिक अस्पताल जनकपुरधामले स्मारिका प्रकाशन गरेका छन्। स्मारिकामा अस्पतालको इतिहास, चिकित्सकको सेवा, समस्या, रोगका लक्ष्ण लगायत विषय वस्तु समावेश गरिएको छ।

आम नागरिकलाई अस्पताल र रोग बारे विस्तृत रुपमा बुझ्नको लागि स्मारिका प्रकाशन गरिएको छ। यस्तै, मंगलबार नै अस्पतालका विभिन्न वार्डको समुदघाटनसमेत भएको छ।

मुख्यमन्त्री लाल बाबु राउत, समाजिक विकास मन्त्री नबल किसोर साह, राज्य मन्त्री अभिराम शर्मा र नगर प्रमख लाल किसोर साहले संयुक्त रुपमा ओसीएमसी, केएमसी र आँखाको ओपीडि वार्ड समुद्घाटन गरेका हुन्।

# छुरा हानेर युवकको हत्या



**संजय मिश्र / रौतहट**

रौतहटमा फेरी एक दलित युवकको हत्या गरिएको छ। बृन्दाबन नगरपालिका ३ का १९ बर्षिय रबिराम चमारले सोमवार राति सामान्य बिवादमा स्थानीय १८ बर्षिय नन्दकिशोर राम चमारको पेटमा छुरा प्रहार गरी हत्या गरेका हुन्।

छुरा प्रहारबाट चमार गम्भीर घाईते भएका थिए। तर उपचारको क्रममा केहि घण्टामै उनको चन्द्रपुर अस्पतालमा मृत्यु भयो। प्रहरीले छुरा प्रहार गरेका रबिराम चमार, उनका बुवा लक्ष्मी र बिद्यालाल चमारलाई नियन्त्रणमा लिइसकेको जनाएको छ।

रौतहटमा पछिल्लो समय श्रृंखलावद्ध रुपमा हत्याका घटना घटिरहेका छन्। निरन्तर हत्या भइरहेका कारण जिल्लावासी त्रसित बनका हुन्। मानव यहाँका अधिकारकर्मीहरू पनि चिन्तित बनेका छन्।

# जनकपुरधाम टी-२० क्रिकेट मंगलबार धनुषा र धमौरा विजय



**टुडे एक्सप्रेस / जनकपुरधाम**

रंगभुमी मैदान बाह्र विघामा जारी जनकपुरधाम टी-२० क्रिकेट प्रतियोगितामा धनुषा र धमौरा विजय भएको छ। मंगलबार भएको दुई छुटाछुट्टै खेलमा धनुषा रोयल क्रिकेट एकेडमी र धमौरा क्रिकेट एकेडमी विजय भएको हो।

पहिलो खेलमा उमगाउ क्रिकेट टिमलाई १८ रनले पराजित गर्दै धमौरा क्रिकेट एकेडमी विजय भएको छ। टस पराजित भएर पहिला ब्याटिङ गरेका धमौराले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १ सय ४० रनको लक्ष्य उमगाउ समक्ष प्रस्तुत गरे।

धमौराको तर्फबाट उत्कर्ष कुमारले २८ बलमा १३ रन, अतुल कुमार २६ बलमा ३० रन र सार्वधिक २२ बलमा ३३ रन नट आउट तुसारले बनाए। धमौराका लागि अन्य ब्याट्स म्यानले दोहरो अंकमा रन बनाउन सकेनन्।

उमगाउको तर्फबाट बलिङ गर्दै शेखर झाले ४ ओभरमा २१ रन खेर्चर ४ विकेट लिए। निशु, दिव्यंशु, रिपुञ्जय र सरोज यादवले समान १/१ विकेट लिए। १ सय ४० रनको लक्ष्य पाएका उमगाउले जवाफी बयाटिङ गर्दै पुरा २० ओभर खेल्दै ९ विकेट गमाएर १ सय २१ रनम मात्रै बनाउन सके।

उमगाउको तर्फबाट ब्याटिङ गर्दै हर्षराज पुरुले २५ बलमा २० रन, शेखर झाले ३० बलमा २४ रन र संजय यादवले ९ बलमा १५ रनको योगदान दिए। उमगाउका लागि अन्य ब्याट्स म्यानले दोहरो अंकमा रन बनाउन सकेनन्। धमौराको तर्फबाट बलिङमा उत्रेका बिनोद सहनी, उत्कर्ष कुमार र आशिषले समान २/२ विकेट लिए। यस्तै फिरदोस अन्सारी र तुसारलेसमेत समान १/१ विकेट लिए।

यस्तै, मंगलबार नै भएको दोस्रो खेलमा धनुषा क्रिकेट एकेडमीले फुलहटा क्रिकेट टिमलाई ७५ रनले पराजित गरेको छ। टस जितेर पहिला ब्याटिङ राजेका घरेलु टिम धनुषाले पुरा २० ओभरमा ६ वकेट गमाएर १ सय ६७ रनको लक्ष्य फुलहटा समक्ष प्रस्तुत गरे।

धनुषाको तर्फबाट ब्याटिङ गर्दै सार्वधिक संतोष कार्कीले ६० बलमा ८३ रन, सुधिर चौधरीले २५ बलमा ३७ रन र अन्जनी मण्डलले १९ बलमा २१ रनको योगदान दिए। फुलहटाको तर्फबाट बलिङ गर्दै विनोद मुखियाले ४ र आशिक चौधरीले १ विकेट लिए।

१ सय ६७ रनको लक्ष्य पाएका फुलहटाले जवाफी ब्याटिङ गर्दै १९ ओभर ४ बलमा अलआउट हुँदै ९१ रनमा समेटिए। फुलहटाको तर्फबाट ब्याटिङ गर्दै अमित महतोले ३५ बलमा २१ रन, गजेन्द्र ठाकुरले ३० बलमा २७ रन र इजराइल राइनले १७ बलमा १३ रन बनाए।

फुलहटाको तर्फबाट अन्य ब्याट्स म्यानले दोहरो अंकमा रन बनाउन सकेनन्। धनुषाको तर्फबाट बलिङ गर्दै शैफुला अन्सारीले तीन विकेट, रुपेश यादव २ विकेट लिए। खेलको म्यान अफ द म्याच संतोष कार्की घोषित भए।

# तीन सय ३४ परिवारलाई 'जस्ता पाता' सहयोग



**टुडे एक्सप्रेस / गौर**

रौतहटको दुर्गा भगवती गाउँपालिकाका अध्यक्ष अरुण कुमार साहले गाउँपालिकाका तीन सय ३४ परिवारलाई स्टील जस्ता पाता बितरण गरेका छन्।

आसमान नेपालको सहयोगमा गाउँपालिकाले वडा नम्बर १ गंगा पिपरा, वडा नम्बर २ भलोहिया र वडा नम्बर ३ का ३३४ गरिव तथा दलित परिवारलाई राहत स्वरुप जस्ता पाता अध्यक्ष साहले वितरण गरेका हुन्। मंगलबार एक कार्यक्रमबीच उनले वडा १ का गरिव तथा दलित परिवारलाई घरको छानाका लागि प्रयोग हुने जस्ता पाता, बेल्चा, आरी, हथौडा तथा खुकुरी हस्तान्तरण गरे।

सो कार्यक्रममा बोल्दै अध्यक्ष साहले भने, 'गाउँपालिका आफ्नो श्रोत साधनले मात्र चौतर्फी बिकास गर्न सक्दैन।

त्यसैले दातृ निकायको सहयोग अपरिहार्य छ। जस्ता पाता लगायतका समानमा सहयोग गरेका संस्थालाई धन्यवाद दिन चाहन्छु।'

# ठगी आरोपमा चौधरी पक्राउ

**टुडे एक्सप्रेस / काठमाडौं**

सोह्र लाख २५ हजार २ सय ५० रुपैयाँ ठगी गरेको आरोपमा काठमाडौं सुन्धाराबाट एक व्यक्ति पक्राउ परेका छन्।

वैदेशिक रोजगारको लागि पोर्चुगल पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा रुपन्देही ओमसतिया गाउँपालिका ६ का ३३ वर्षीय शिव नारायण चौधरी पक्राउ परेका हुन्।

रुपन्देही जिल्लाका दुई व्यक्तिबाट उक्त रकम बैंक खातामा जम्मा गर्न लगाई अफर लेटर, भिसालगायत नक्कली कागजात बनाई ठगी गरेको भनेर पीडितले दिएको उजुरीका आधारमा प्रहरीले पक्राउ गरेको हो। उनीमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# ५० अर्ब निक्षेप संकलन गर्ने लक्ष्य

**काठमाडौं / रासस**

नेपाल राष्ट्र बैंकले रु ५० अर्ब बराबरको निक्षेप बोलकबोल प्रक्रियाबाट संकलन गर्ने भएको छ। बुधबार केन्द्रीय बैंकले उक्त परिमाणको निक्षेप बोलबकोल प्रक्रियाका माध्यमबाट संकलन गर्न लागेको जनाएको छ। बैंकले मंगलवार सार्वजनिक गरेको सूचनाअनुसार ब्याजदरसमेत बोलकबोलको माध्यमबाट नै निर्धारण हुनेछ। घटीमा रु पाँच करोड र बढीमा रु पाँच करोडले भाग गर्दा निशेष भाग जाने गरी कूल आह्वान रकमसम्म बोलकबोलमा भाग लिन सकिनेछ।

केन्द्रीय बैंकले उक्त बैंकबाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोका रुपमा प्रयोग गर्न सकिने गरी धितोसम्बन्धी व्यवस्था गरिएको छ। बैंकको सूचनामा बोलकबोल बहुब्याजदरमा पनि गर्न सकिने उल्लेखछ। निक्षेप सङ्कलन उपकरणको बोलकबोलमा केन्द्रीय बैंकबाट इजाजत प्राप्त गरेका क, ख र ग वर्गमा बैंक तथा वित्तीय संस्था मात्र सहभागी हुन पाउने छन्।

निक्षेप सङ्कलनको बोलकबोलमा निक्षेपवापत जम्मा गर्न चाहेको रकम र ब्याजदर उल्लेख गर्नुपर्नेछ भने समान ब्याजदर उल्लेख भएका बोल रकम समावेश गर्दा कूल निष्काशित रकमभन्दा बढी भएका प्रो रेट बेसिसमा बाँडफाँड गरिनेछ। निक्षेप संकलन उपकरणको भुक्तानी मितिका दिन निर्धारित ब्याजदरसहित संकलन निक्षेप रकम सम्बन्धित बैंकले केन्द्रीय बैंकको खातमा जम्मा गर्नुपर्नेछ।

केन्द्रीय बैंकले २८ दिनका लागि निक्षेप सङ्कलनको उपकरणको बोलकबोल तथा निष्काशन गर्न लागेको हो। बैंकले सावा तथा ब्याज भुक्तानी आगामी पुस १५ गते गर्नेछ।

**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर